# नेपाल प्रहरी

# विपद व्यवस्थापन महाशाखा तथा मातहत एकाईहरुको सञ्चालन कार्यादेश (SOP)

## २०७३

**प्रहरी प्रधान कार्यालय, कार्य विभाग**

**विपद व्यवस्थापन महाशाखा, काठमाण्डौं**

**बि.सं. २०७३ ज्येष्ठ**

# नेपाल प्रहरी
# विपद व्यवस्थापन महाशाखा तथा मातहत एकाईहरुको सञ्चालन कार्यादेश (SOP)
# २०७३

**मिति २०७३ ज्येष्ठ ५ गते नीति समन्वय समिति (Policy Co-ordination Committee-PCC) को निर्णयले संगठन प्रमुख प्रहरी महानिरीक्षक श्री उपेन्द्र कान्त अर्यालज्यूबाट मिति २०७३ ज्येष्ठ १० गते जारी कार्यादेश**

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय नक्साल

स्वीकृत

2073/02/10

**प्रहरी प्रधान कार्यालय, कार्य विभाग**
**विपद व्यवस्थापन महाशाखा, काठमाण्डौं।**

नेपाल प्रहरी

## सन्दर्भ

नेपाल प्रहरीले आफ्नो स्थापना कालदेखि अपराध रोकथाम, अनुसन्धान र शान्ति सुरक्षा कायम राख्ने गहन जिम्मेवारीका साथै विपद व्यवस्थापनका हरेक कृयाकलापमा अग्रणी भूमिका निर्वाह गर्दै आईरहेको सन्दर्भमा प्रहरी ऐन २०१२ तथा प्रहरी नियमावली २०७१ ले बिभिन्न तहका प्रहरी कार्यालय तथा प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र दायित्वका सम्बन्धमा स्पष्ट उल्लेख गरी विपद व्यवस्थापनमा तदारुकताका साथ परिचालन हुनुपर्ने भनी निर्दिष्ट गरेको छ। विपद व्यवस्थापन कार्यका लागि समन्वय, पूर्व तयारी, क्षमता अभिवृद्धि र विपद प्रतिकार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने उद्देश्य अनुरुप स्थापना भएको विपद व्यवस्थापन महाशाखाले प्रहरी ऐन, नियमावली तथा बिभिन्न समयमा जारी भएका आदेश, निर्देशन तथा परिपत्र आदिको आधारमा परिचालित भई कार्य सञ्चालन गर्दै आईरहेको परिप्रेक्षमा केन्द्रदेखि स्थानीय तहसम्म विपद व्यवस्थापनका लागि विस्तार हुने एकाईहरुको दायित्व र जिम्मेवारीलाई थप स्पष्ट पार्नु पर्ने अपरिहार्यता एवं विपद प्रतिकार्यलाई व्यवसायिक, विशिष्टकृत र परिणाममुखी बनाउनका लागि विपद व्यवस्थापन कार्यालय तथा मातहत एकाईहरुको कार्यसञ्चालन र परिचालनका सम्बन्धमा कार्यादेश तयार गरी कार्यान्वयन गर्न जरुरी देखिएकोले यो कार्यादेश (Standard Operating Procedures-SOP) तयार गरिएको छ।

**नेपाल प्रहरी**
**विपद व्यवस्थापन महाशाखा, काठमाण्डौं।**
**ज्येष्ठ २०७३**

नेपाल प्रहरी

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| SOP: | Standard Operating Procedure |
| CSSR: | Collapsed Structures Search and Rescue |
| BS: | Bikram Sambat |
| AOR: | Area of Responsibilities |
| DBM: | Dead Body Management |
| CBRN: | Chemical, Biological, Radiological & Nuclear |
| DIRS: | Daily Incidents Reporting System |
| GIS: | Geographical Information System |
| TQM: | Total Quality Management |
| QRT: | Quick Response Team |
| PPEs: | Personal Protection Equipment |
| BA Set: | Breathing Apparatus |
| TEAs: | Tools, Equipment and Accessories |
| PFD: | Personal Floating Devices |
| EMS: | Emergency Medical Service |
| SAR: | Search and Rescue |
| PCC: | Policy Coordination Committee |
| SARTEAs: | Search and Rescue Tools, Equipment and Accessories |
| PTSD: | Post-Traumatic Stress Disorder |
| IT Section: | Information Technology Section |

नेपाल प्रहरी

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

# बिषय-सूची

## परिच्छेद-१
## प्रारंभिक खण्ड

**बिषयहरु** **पेज नं.**

१.१. प्रारंभिक ........ १
१.२. कार्यादेश (SOP) को उद्देश्य ........ १

## परिच्छेद-२
## विपद व्यवस्थापन महाशाखा तथा मातहत एकाईहरुको प्रशासनिक संरचना र दायित्व

२.१. विपद व्यवस्थापन महाशाखा ........ २-३
२.१.१. प्रशासन समूह ........ ३-४
क) सूचना प्रविधि शाखा ( IT Section) ........ ५
ख) लेखा शाखा ........ ५
ग) सञ्चार शाखा ........ ५-६
घ) प्रबन्ध शाखा ........ ६-७
२.१.२.तालीम (प्रशिक्षक समूह) शाखा ........ ८
क) आन्तरिक प्रशिक्षण ........ ८-९
ख) सामुदायिक कार्यक्रम ........ ९
२.१.३.केन्द्रीय प्रहरी विपद उद्धार समूह ........ १०-११
२.१.३.१. प्राथमिक उपचार तथा विपद पश्चात शव व्यवस्थापन कार्य ........ ११-१३
२.१.३.२. भत्केका संरचनामा गरिने खोज तथा उद्धार कार्य ........ १३-१५
२.१.३.३.अग्नी नियन्त्रण कार्य ........ १५-१६
२.१.३.४. पर्वतीय उद्धार र डोरीको माध्यमबाट गरिने उद्धार कार्य ........ १६-१८
२.१.३.५. जल उत्पन्न प्रकोप उद्धार कार्य ........ १८-१९
२.१.३.६. कुकुर परिचालन समूह (Dog Handler) ........ १९
२.१.४. सवारी चालक ........ २०
२.१.५. विपद अभिलेख तथा बिश्लेषण शाखा ........ २०-२१
२.२.क्षेत्रीय प्रहरी विपद व्यवस्थापन कार्यदलको संरचना र दायित्व ........ २१-२२

## परिच्छेद-३
## परिचालन सम्बन्धी कार्यादेश

३.१. विपद व्यवस्थापन महाशाखा तथा मातहत विपद व्यवस्थापन एकाईहरुको जनशक्ति परिचालन सम्बन्धी कार्यादेश ........ २३

नेपाल प्रहरी

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

## परिच्छेद-४
## विपद प्रतिकार्य वा आपतकालिन परिचालन

४.१.आकस्मिक विपद प्रतिकार्य समूह (QRT) ........................................................ २४
४.२. व्यक्तिगत सुरक्षा उपकरणहरु (Personal Protective Equipment -PPEs) ..................... २४
४.३. खोज तथा उद्धार उपकरण, औजार र साधनहरु (SARTEAs) ....................................... २५
४.४. विपद प्रतिकार्य टोलीको बनावट ............................................................................ २५
४.५. कमाण्ड पोष्ट (Command Post) ........................................................................ २५-२७
४.६. उद्धार कार्यबिधी (Rescue Procedures) ................................................................ २७-२८

## परिच्छेद-५
## जनशक्ति व्यवस्थापन

५.१. जनशक्ति पूर्ति ................................................................................................ २९
५.२. योग्यता ....................................................................................................... २९
५.३. तालीम ........................................................................................................ २९
५.४. पदस्थापन तथा सरुवा ...................................................................................... २९
५.५. कार्यरत अवधी र स्थानान्तरण ............................................................................ २९
५.६. बिशिष्टिकरण र बिशेषज्ञता ................................................................................. ३०

## परिच्छेद-६
## योजना तर्जुमा, सुपरिवेक्षण, अनुगमन, नियन्त्रण तथा मूल्यांकन

६.१. योजना तर्जुमा .............................................................................................. ३१
६.२. सुपरिवेक्षण, अनुगमन तथा नियन्त्रण .................................................................... ३१
६.३. कार्यसंपादन मूल्यांकन ..................................................................................... ३१

## परिच्छेद-७
## कार्यादेश संशोधन तथा परिमार्जन सम्बन्धी व्यवस्था

७.१. कार्यादेशमा उल्लेख भएका व्यवस्थाहरु संशोधन वा परिमार्जन गर्न सकिने ........................... ३२

## परिशिष्टहरू

परिशिष्ट-१ विपद व्यवस्थापन महाशाखाको प्रशासनिक संरचना
परिशिष्ट-२ प्राथमिक उपचार तथा विपद पश्चात शव व्यवस्थापनका सामाग्रीहरु
परिशिष्ट-३ भत्केका संरचनामा गरिने खोज तथा उद्धार सम्बन्धी उपकरण तथा औजारहरु
परिशिष्ट-४ अग्नी नियन्त्रणका उपकरण तथा औजारहरु
परिशिष्ट-५ पर्वतीय उद्धार र डोरीको माध्यमबाट गरिने उद्धार उपकरण तथा औजारहरु
परिशिष्ट-६ जल उत्पन्न प्रकोप उद्धार उपकरण तथा औजारहरु
परिशिष्ट-७ क्षेत्रीय प्रहरी विपद व्यवस्थापन कार्यदलको प्रशासनिक संरचना

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

# परिच्छेद-१

## प्रारंभिक खण्ड

### १.१. प्रारंभिक

नेपालको संबिधान २०७२, दैवी प्रकोप उद्धार ऐन २०३९, प्रहरी ऐन २०१२, प्रहरी नियमावली २०७१, खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजना २०७१, नेपाल प्रहरीको विपद उद्धार तथा व्यवस्थापन नीति तथा कार्य प्रणाली (SOP) २०५९ लगायत नेपाल सरकारबाट समय समयमा जारी भएका विभिन्न नीति, कार्यक्रम, निर्देशिका, कार्यबिधी, मार्गदर्शन, परिपत्र तथा आदेशहरुमा निर्दिष्ट भए अनुसार नेपाल प्रहरीले आफ्नो स्थापना कालदेखि नै कानून कार्यान्वयन गर्ने निकायको रुपमा विपद व्यवस्थापनमा महत्वपूर्ण जिम्मेवारी वहन गर्दै आइरहेको छ। यसै सन्दर्भमा विपद पूर्वतयारी, शीघ्र परिचालन एवं व्यवसायिक खोज तथा उद्धार कार्यमा दक्षता अभिबृद्धि, विपद प्रतिकार्यका लागि सेवा विशिष्टिकरण र विपद जोखिम न्युनिकरण कार्यमा नेपाल प्रहरीले निर्दिष्ट गरेको लक्ष्य अनुरुप मिति २०७२ आश्विन १४ गतेको नेपाल सरकार मन्त्रीपरिषदको निर्णय बमोजिम थप नयाँ दरबन्दी समेत गरी १,०७२ जनाको केन्द्रीय तहमा विपद व्यवस्थापन महाशाखा र क्षेत्रीय स्तरमा विपद व्यवस्थापन कार्यदल स्थापना भई कार्यसञ्चालन समेत सुचारू भइसकेको एवं आगामी दिनमा यसको बिस्तार स्थानीय तहसम्म गर्दै लैजानु पर्ने भएकोले प्रहरी नियमावली २०७१ को नियम १९६ को उपनियम १ बमोजिम यो सञ्चालन कार्यादेश-२०७३ (SOP-Standard Operating Procedures, 2073 BS) तयार गरिएको छ।

### १.२. कार्यादेश (SOP) को उद्देश्य

नेपाल प्रहरी विपद व्यवस्थापन महाशाखा र यस मातहतमा कार्यरत प्रहरी जनशक्तिको कार्य सञ्चालन र परिचालन सम्बन्धी कार्यादेश (SOP) को उद्देश्य देहाय बमोजिम हुनेछ:

क. विपद व्यवस्थापन महाशाखा तथा मातहतका विपद व्यवस्थापन कार्यदलको दायित्व र कार्यक्षेत्र (AOR) निर्धारण गर्ने।

ख. विपद व्यवस्थापन महाशाखा तथा मातहतका विपद व्यवस्थापन कार्यदलको परिचालन सम्बन्धी कार्यादेश तयार गर्ने।

ग. विपद व्यवस्थापनको लागि आवश्यक पर्ने समय सापेक्ष श्रोत साधनको पहिचान तथा व्यवस्थापन गर्ने।

# परिच्छेद-२

## विपद व्यवस्थापन महाशाखा तथा मातहत एकाईहरुको प्रशासनिक संरचना र दायित्व

### २.१. विपद व्यवस्थापन महाशाखा

विपद व्यवस्थापन महाशाखाले नेपाल प्रहरीको केन्द्रीय तहमा रही विपद व्यवस्थापनका लागि आवश्यक पर्ने नीति निर्माण, योजना तर्जुमा, सुपरिवेक्षण, समन्वयका अतिरिक्त अभिलेखीकरण र आवश्यकता अनुसार विपद प्रतिकार्यमा समेत परिचालित हुनेछ। यस महाशाखाको प्रशासनिक संरचना परिशिष्ट-१ मा उल्लेख भए अनुसार हुनेछ र यस महाशाखाको देहाय बमोजिमको दायित्व हुनेछ:

क. प्रहरी प्रधान कार्यालय कार्य विभागको मातहतमा रही विपद व्यवस्थापन सम्बन्धी योजना तर्जुमाका लागि राय सुझाव पेश गर्नेछ।

ख. विपद व्यस्थापनका लागि जनशक्ति योजना, पूर्वतयारी, क्षमता अभिबृद्धि आदि पक्षमा केन्द्रीय तहमा नीति तथा कार्यक्रम तयार गरी सोही अनुरुप कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गरी मातहत एकाईहरुमा समेत आवश्यक निर्देशन दिनेछ।

ग. विपद व्यवस्थापन (जोखिम न्यूनिकरण, पूर्वतयारी तथा प्रतिकार्य) सँग सम्बन्धित सरोकारवाला सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुसंग समन्वय र सहकार्यलाई वृहत्तर रुपमा अगाडि बढाउनेछ भने ठूलो प्रकृतिका विपद (Mega Disaster) का घटनाहरुमा खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन सूचना आदानप्रदान, समन्वय र परस्पर सहयोगका लागि सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु एवं नियोगका अधिकारीहरुसँग नीति तथा नियमको परिधिभित्र रही सम्पर्क र समन्वय गर्नेछ।

घ. कार्यरत प्रहरी कर्मचारीको विपद व्यवस्थापन सम्बन्धी सीप विकास तथा क्षमता अभिवृद्धिका लागि प्रहरी प्रधान कार्यालयको नीति बमोजिम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय र संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरी तालीम र अनुशिक्षण कार्यक्रमहरु सञ्चालन गर्नेछ।

ङ. विपद जोखिम न्यूनिकरणका लागि स्थानीय प्रहरी (सामुदायिक प्रहरी समेत) तथा नागरिक समुदायसँगको समन्वय र सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

च. विपद जोखिम न्यूनिकरण तथा प्रतिकार्यको लागि प्रहरी कर्मचारीहरुलाई विपद व्यवस्थापन सम्बन्धी व्यवसायिक तालीम तथा अनुशिक्षण कार्यक्रमहरु सञ्चालन गर्नेछ।

छ. प्रहरी प्रधान कार्यालयको निर्देशन बमोजिम अन्य प्रहरी कार्यालयमा कार्यरत प्रहरी कर्मचारीहरुलाई विपद व्यवस्थापन सम्बन्धी प्रशिक्षण प्रदान गर्नेछ।

ज. विपद व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यको लागि वार्षिक तालीम क्यालेण्डर तयार गरी तालीम सञ्चालन गर्ने एवं संचालित तालीमको प्रभावकारिता मूल्यांकन गरी पाठ्यक्रमलाई समयसापेक्ष रुपमा परिमार्जन तथा विकास गर्नेछ।

झ. उपलब्ध श्रोतसाधन, जनशक्ति, उद्धार उपकरण तथा औजारहरुको समुचित प्रयोग गरी विपद व्यवस्थापन कार्यलाई प्रभावकारी र परिणाममुखी बनाउने एवं खोज तथा उद्धार कार्यलाई प्रबिधिमैत्री बनाउन समयसापेक्ष उद्धार उपकरण, औजार र साधनको व्यवस्थापन गर्नेछ।

ञ. विपदको प्रकृति र असरको आधारमा खोज तथा उद्धारको लागि उपकरण सहितको उद्धार टोली परिचालन गर्नेछ।

ट. संभावित विपदको मूल्यांकन गरी तालीम प्राप्त उद्धारकर्मी सम्मिलित उद्धार समूहहरु (CSSR, Fire Control, First Aid & DBM, Rope Rescue, Water Induced Disaster Rescue लगायत अन्य) को व्यवस्था गरी तद्अनुरुपको खोज तथा उद्धार उपकरण तथा औजारहरु सहित तयारी हालतमा राख्नेछ।

ठ. जटिल प्रकृतिका विपदका घटनाहरु वा ठूलो संख्यामा मानवीय क्षति (Mass Casualty) भएको वा हुनसक्ने दुर्घटनामा उद्धार कार्यको लागि आवश्यकता अनुसार देशको जुनसुकै स्थानमा परिचालित हुनेछ।

ड. विपद व्यवस्थापन महाशाखा तथा केन्द्रीय प्रहरी उद्धार समूहमा कार्यरत प्रहरी कर्मचारीको नियन्त्रण, परिचालन, अनुगमन, सुपरिवेक्षण र कार्यसंपादन मूल्यांकन गर्ने एवं काम कारबाहीको सम्बन्धमा व्यक्तिगत अभिलेख राख्नेछ।

ढ. देशभर हुने सम्पूर्ण विपद सम्बन्धी घटनाहरुको अभिलेख व्यवस्थापन गर्नेछ भने घटित घटनाको विश्लेषणका आधारमा जोखिम न्यूनिकरण र पूर्व तयारीका लागि योजना तर्जुमा र सो को कार्यान्वयन गर्ने वा गराउनेछ।

### २.१.१. प्रशासन समूह

विपद व्यवस्थापन महाशाखा अन्तर्गत दैनिक कार्य सञ्चालनका लागि प्रशासन समूह रहनेछ। यस समूह अन्तर्गत कम्प्युटर, लेखा, प्रबन्ध, सञ्चार लगायतका शाखा तथा उप-शाखाहरु रहनेछन्। यस शाखाले देहाय बमोजिमका कार्य गर्नेछ:

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

१. महाशाखामा कार्यरत प्रहरी कर्मचारीको विदा, तालीम, पुरस्कार, सजाय, सरुवा, बढुवा लगायतका सम्पूर्ण अभिलेख अद्यावधिक गर्ने एवं गराउने।

२. प्रहरी प्रधान कार्यालय तथा अन्य कार्यालयबाट प्राप्त प्रत्रहरु दर्ता गर्ने र कार्यालय प्रमुख समक्ष पेश गरी आदेशानुसार कार्यान्वयन गर्ने वा गराउने।

३. कार्यालयको बार्षिक प्रतिवेदन तयार पारी कार्यालय प्रमुख तथा सम्बन्धित अधिकारी समक्ष जाहेर गरी मजकुर कार्यालयमा समेत पठाउने।

४. मासिक तथा पाक्षिक कार्य योजनाहरु तयार पारी कार्यालय प्रमुखमा जाहेर गर्ने र सो को कार्यान्वयन गरी प्रगति विवरणको अभिलेख व्यवस्थापन गर्ने र मजकुर कार्यालयमा समेत पठाउने।

५. विपद व्यवस्थापन महाशाखामा कार्यरत प्रहरी कर्मचारीहरुको दैनिक कामकाज, ड्यूटी अह्रनखटन एवं उद्धार टोली स्ट्याण्डवाई राख्ने र प्रभावकारी परिचालन गर्ने।

६. कार्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउने।

७. कार्यरत प्रहरी कर्मचारीहरुलाई विभागीय नीति, आदेश तथा निर्देशन अनुरुप व्यवस्थापन गर्ने गराउने।

८. उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई पुरस्कृत र आचरण विपरित कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई कारवाही गर्ने।

९. दैनिक प्रशासनिक कार्यहरु, निर्देशन, परिपत्रको कार्यान्वयनका लागि नियमित Follow Up समेत गर्ने।

१०.कार्यालयको संगठनात्मक तथा जनशक्ति विवरण तालिका अद्यावधिक बनाई राख्ने।

११.सम्बन्धित अधिकृतसंग समन्वय राखी ड्यूटीको कार्य तालिका निकाल्ने।

१२.प्रहरी प्रधान कार्यालयबाट थप मद्धत माग भई आएमा कार्यालय प्रमुख समक्ष जाहेर गरी समयमै अह्रनखटनको व्यवस्था मिलाउने।

१३.विपद व्यवस्थापन महाशाखाको संस्थागत विकासका लागि कार्यालय प्रमुखमा आवश्यक पर्ने सल्लाह सुझावहरु पेश गर्ने।

१४.कार्यरत प्रहरी कर्मचारीहरुको गुनासो तथा पीरमर्काको सुनुवाई र कल्याणकारी कार्यहरुको व्यवस्था मिलाउने।

१५.महाशाखा तथा मातहतबाट संपादित कार्यहरु तथा गतिबिधिहरुका सम्बन्धमा सम्पर्क अधिकृत तोकी सूचना प्रवाहलाई व्यवस्थित गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

**क) सूचना प्रविधि शाखा** ( IT Section)

कार्यालयको कामकारबाहीलाई कम्प्युटर प्रणालीको माध्यमबाट संपादन गर्ने व्यवस्था मिलाई Less Paper को अवधारणा अनुसार दैनिक कार्य सञ्चालनलाई मितव्ययी र डिजिटल अभिलेख व्यवस्थापन (Digital Record Management) को अतिरिक्त देहायका कार्यहरु गर्नेछ:

१. कार्यालय सञ्चालनका लागि कम्प्युटर सम्बन्धी प्राबिधिक सहायता उपलब्ध गराउने ।

२. अभिलेख व्यवस्थापनका लागि तथ्यांक दर्ता (Data Entry) र तालिकीकरण (Tabulation) लगायत कार्यालय सञ्चालनका लागि कम्प्युटर प्रोग्रामहरु सम्बन्धी अनुशिक्षण प्रदान गर्ने ।

३. कार्यालय प्रमुखको निर्देशन बमोजिम कार्यालयका गतिबिधिहरुलाई वेभसाईट (Website) तथा सामाजिक सञ्जाल (Social Network) मा अद्यावधिक गर्ने तथा नेपाल प्रहरीको वेभसाईट, ईमेल, ईन्ट्रानेट आदिको बहु-उपयोग गरी सूचना आदानप्रदानलाई द्रुततर गर्ने ।

४. कम्प्युटर नेटवर्क प्रणालीद्वारा कार्य सञ्चालन गरी Less Paper को अवधारणालाई प्रवर्धन गर्ने ।

५. Digitized अभिलेख व्यवस्थापन मार्फत सबै किसिमका अभिलेखहरुलाई दीर्घकालिन रुपमा सुरक्षित तवरले राख्ने व्यवस्था मिलाउने ।

६. कार्यालयमा रहेका कम्प्युटर तथा कम्प्युटर सम्बन्धी अन्य महत्वपूर्ण सामाग्रीहरुको मर्मत संभार तथा व्यवस्थापन गर्ने ।

७. दैनिक घटना जाहेरीलाई दुरुस्त राख्न नेपाल प्रहरीको Daily Incidents Reporting System (DIRS) को पहुँचलाई सहजीकरण गर्ने ।

८. विपद सम्बन्धी अभिलेखहरुको विश्लेषणको आधारमा जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरी त्यसको GIS Mapping समेत गर्ने ।

**ख) लेखा शाखा**

कार्यालयको दैनिक कार्यसञ्चालन, तालीम ब्यबस्थापन, आयव्ययको विवरण र प्रहरी कर्मचारीहरुको राशन, तलबभत्ता लगायत आर्थिक प्रशासनलाई सुचारू गर्नका लागि लेखा शाखा रहनेछ र यसले संगठनको नीतिनिर्देशन लगायत सम्बन्धीत ऐन, नियमावलीको परिधीभित्र रही कार्य सञ्चालन गर्नेछ ।

**ग) सञ्चार शाखा**

विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन सञ्चार शाखाले सूचना आदानप्रदानको माध्यमबाट समन्वयकारी भूमिका निर्वाह गर्नेछ र सञ्चार साधनहरुको हिफाजत एवं सञ्चार व्यवस्थापन संगै देहाय बमोजिमको दायित्व पूरा गर्नेछ:

१. विपद सम्बन्धी महत्वपूर्ण घटनाहरु तत्काल फिल्ड अधिकृत मार्फत कार्यालय प्रमुखमा जाहेर गरी निर्देशन बमोजिम मजकुर कार्यालयमा जाहेर गर्ने।

२. शाखामा रहेका सञ्चार साधनहरु दुरुस्त अवस्थामा राखी अभिलेख व्यवस्थापन गर्ने।

३. मजकुर कार्यालयबाट प्राप्त हुने सञ्चार पत्रहरु समयमै जाहेर गरी दर्ता तथा फाईलिङ् गरी अभिलेख राख्ने।

४. विपद सम्बन्धी घटनामा प्रतिकार्यका लागि परिचालित टोलीहरुसंग निरन्तर समन्वय र सम्पर्क कायम गरी घटना तथा कार्य प्रगतिको बारेमा जानकारी लिई सम्बन्धित अधिकारीलाई जाहेर गर्ने।

५. विपद प्रतिकार्यमा खटिने टोली कमाण्डरलाई संचार साधन उपलब्ध गराउने।

६. सञ्चार शाखामा प्राप्त हुने संवेदनशील सञ्चार पत्रहरुको गोपनियता कायम राख्ने।

७. कार्यरत प्रहरी कर्मचारीहरुलाई सञ्चार साधन अपरेटिङ् सम्बन्धी अभ्यास गराउने।

८. देशभरि घटेका विपद सम्बन्धी घटना तथा अन्य महत्वपूर्ण परिचालनको समेत जानकारी लिई सम्बन्धित अधिकारीलाई जाहेर गर्ने।

९. ठूलो प्रकृतिको विपदका घटना (Mega Disaster) हरुमा कमाण्ड पोष्ट खडा गर्दा सञ्चार डेस्क समेत स्थापना गरी खोज तथा उद्धार कार्यलाई सहजीकरण गर्ने।

१०. विपद प्रतिकार्यको लागि राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र (NEOC), क्षेत्रीय तथा जिल्ला आपकालिन कार्य सञ्चालन केन्द्रहरु, दैवी प्रकोप उद्धार समितिहरु, प्रहरी प्रधान कार्यालय सञ्चार निर्देशनालय, परिचालन कक्ष (Operation), महानगरीय प्रहरी कार्यालय, क्षेत्रीय प्रहरी कार्यालय लगायत मातहत कार्यालयहरु संग समेत नियमित सम्पर्क र समन्वय गरी दैनिक घटनाहरुको विवरण उपलब्ध गराउने ।

**घ) प्रबन्ध शाखा**

विपद प्रतिकार्य तथा प्रशिक्षण लगायत अन्य आवश्यक सामाग्रीहरुको व्यवस्थापन, प्रहरी कर्मचारीहरुले नियम अनुसार पाउने स्केलका सामानहरुको माग गर्ने र निकाशा भएका सामानहरुको समुचित बितरण एवं अभिलेख व्यवस्थापन गर्ने दायित्वको साथै प्रबन्ध शाखाले देहाय बमोजिमका दायित्व पूरा गर्नेछ:

१. कार्यालयमा रहेका खोज तथा उद्धार उपकरण-औजारहरु, हातहतियार, गोलीगट्ठा, असभाव र सवारी साधन आदिको अवस्थाको बारेमा कार्यालय प्रमुखलाई जाहेर गरी सो को विवरण मासिक रुपमा मजकुर कार्यालयमा समेत पठाउने।

२. आवश्यक पर्ने श्रोत साधनका लागि मातहत समेतबाट संकलन गरी आपूर्तिका लागि मजकुर कार्यालयमा माग गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

३. कार्यालयमा रहेका उपकरण तथा औजारहरुको मर्मतसंभार तथा परिचालन सम्बन्धी कार्ययोजना वा कार्यबिधी तयार गरी सो अनुसार उपलब्ध श्रोत साधनको पूर्ण गुणस्तर व्यवस्थापन (TQM) गर्ने।

४. थप वा पुन: खरिद गर्ने श्रोतसाधनको व्यवहारिक, दीगो तथा प्राबिधिक क्षमता आदि लगायत सम्पूर्ण फेहरिस्त तयार पारी अनुमानित लागत समेतको विवरण कार्यालय प्रमुखमा जाहेर गर्ने।

५. समयसापेक्ष प्रबिधीमैत्री खोज तथा उद्धार उपकरण-औजारहरुका सम्बन्धमा अन्वेषण गरी आवश्यक पर्ने उपकरण र औजारहरुको बारेमा कार्यालय प्रमुखमा जाहेर गर्ने।

६. मजकुर कार्यालयबाट निकाशा तथा विभिन्न संघसंस्थाबाट प्राप्त भएका वा कार्यालयबाट खरिद गरिएका जिन्सी सामाग्री तथा उपकरणहरु जिन्सी किताबमा आम्दानी बाँधि मजकुर कार्यालयमा समेत जाहेर गर्ने।

७. कार्यालयमा रहेका उद्धार उपकरण तथा सामाग्रीहरुको समयसारणी (Schedule) बनाई सरसफाई, मेशिन सञ्चालन (start) गर्ने, ब्याट्री चार्ज, ईन्धन, तेल (ईन्जिन आयल) चेक लगायतका कार्य गर्ने।

८. सवारी साधनको लग बुक राखी सही प्रयोग र अवस्थाको बारेमा एकीन गर्ने, ईन्धन, तेल (ईन्जिन आयल), लाईट, साईरन, ब्रेक आयल, टायर प्रेसर आदिको नियमित चेक गर्ने, मर्मत संभार गराउने र सवारी चालकलाई पूर्णतया जिम्मेवार र जवाफदेही बनाउने।

९. प्रबन्धमा रहेका हातहतियार, गोलीगठ्ठा तथा अन्य उद्धार उपकरणहरुको आवश्यकता अनुसार सरसफाई गरी तयारी हालतमा राख्ने।

१०. विपद उद्धार सामाग्रीहरुको सुरक्षित भण्डारण र आवश्यकता परेको बेला तत्काल परिचालन गर्न सकिने गरी राख्ने।

११. तत्काल परिचालन हुने टोलीको लागि आवश्यक सामाग्री र उपकरणहरु तयारी अवस्थामा राख्ने।

१२. विपद उद्धारमा प्रयोग हुने उपकरणहरु सम्बन्धी ईन्धन लगायत अन्य उपसाधनहरु (Accessories) भए वा नभएको एकीन गर्ने र नभएमा तुरुन्त माग गर्ने।

१३. विभिन्न प्रशिक्षणहरुमा आवश्यक पर्ने सामाग्री तथा उपकरणहरु उपलब्ध गराउने र उपलब्ध हुन नसक्ने अवस्था भएमा सम्बन्धित निकायमा समन्वय गरी माग गर्ने।

१४. प्रशिक्षण वा उद्धार कार्यका लागि पठाउनु पर्ने उपकरण तथा सामाग्रीहरु जिम्मेबार व्यक्तिलाई भरपाई दिई पठाउने र फिर्ता भए पछि दुरुस्त हालतमा रहे नरहेको हेरी अभिलेखमा जनाउने।

१५. आर्थिक प्रशासनको परिधि भित्र रही मर्मत संभार गरी पुन: प्रयोग गर्न नसकिने सामाग्रीहरुको रितपूर्वक धुल्याउने तथा लिलाम प्रकृयाको लागि पहल गर्ने।

## २.१.२.तालीम (प्रशिक्षक समूह) शाखा

प्रहरी प्रधान कार्यालय कार्य विभागको निर्देशन तथा तालीम निर्देशनालयसंग आवश्यक समन्वय गरी विपद व्यवस्थापन कार्यदल तथा सम्पूर्ण प्रहरी कर्मचारीहरुको विपद प्रतिकार्य क्षमता अभिवृद्धि तथा विपदको समयमा हुनसक्ने संभावित क्षति न्यूनीकरणका लागि विपद व्यवस्थापन सम्बन्धी प्रशिक्षण एवं समुदायसंगको सहकार्यमा नागरिक सचेतना सम्बन्धी सामुदायिक कार्यक्रम सञ्चालन गर्ने र तालीम सम्बन्धी नीति, कार्यक्रम तथा योजना तर्जुमा संगै तालीमको प्रभावकारिता मूल्यांकन, समयसापेक्ष पाठ्यक्रमको अन्वेषण, निर्माण एवं परिमार्जन गर्ने लक्ष्य अनुरुप तालीम शाखा (प्रशिक्षक समूह) ले देहाय बमोजिमका कार्यहरु गर्नेछ:

### क) आन्तरिक प्रशिक्षण

विपद व्यवस्थापन महाशाखा तथा मातहतमा कार्यरत प्रहरी कर्मचारीहरुलाई विपद व्यवस्थापन सम्बन्धी तालीम सञ्चालनका संगै Reserve Units (गण, गुल्म) मा कार्यरत प्रहरी कर्मचारीलाई समेत विपद व्यवस्थापन सम्बन्धी तालीम तथा अनुशिक्षण कार्यक्रमहरु सञ्चालन गर्नुका अतिरिक्त यो शाखाले देहायका कार्यहरु गर्नेछ:

१. वार्षिक तालीम क्यालेण्डर अनुसार विपद व्यवस्थापन सम्बन्धी तालीमहरु व्यवस्थित रुपले सञ्चालन गर्ने वा गराउने।

२. कार्यरत प्रहरी कर्मचारीको पेशागत दक्षता अभिवृद्धिका लागि विपद व्यवस्थापनमा सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरी विभिन्न तालीम तथा अनुशिक्षण सञ्चालन गर्नुका साथै अन्य पेशागत तालीमहरु (On the job Training) मा समेत सहभागी गराउने।

३. सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरी विपद व्यवस्थापन तालीमका लागि प्रशिक्षार्थी छनौट गर्ने।

४. तालीमको प्रकृति अनुसार आन्तरिक तथा बाह्य प्रशिक्षक छनौट र सुपरिवेक्षण, मूल्यांकन गर्ने एवं सञ्चालित तालीमको अनुगमन गर्ने व्यवस्था मिलाउने।

५. तालीमको प्रभावकारिता, गुणस्तर र परिणामको अनुगमन एवं मूल्यांकन समेत गरी समयसापेक्ष पाठ्यक्रम परिमार्जन गर्ने र नयाँ पाठ्यक्रम तयार पार्ने।

६. तालीम सञ्चालनका लागि आवश्यक पर्ने सामाग्रीहरु समयमा नै उपलब्ध गराउने तथा प्रशिक्षण कक्ष दुरुस्त हालतमा राखी सञ्चालन भइरहेको तालीमको लागि साप्ताहिक कार्य तालिका तयार पार्ने।

७. कार्यरत प्रहरी कर्मचारीहरुलाई आवश्यकता अनुसार तालीमको लागि सिफारिस गर्ने।

८. विभिन्न बिषयगत श्रोत व्यक्तिहरुको पहिचान गरी अभिलेख राख्ने।

९. कार्यरत प्रहरी कर्मचारीको तालीम सम्बन्धी अभिलेख अद्यावधिक गर्ने।

१०.प्रहरी प्रधान कार्यालयको पूर्व स्वीकृती लिई विभिन्न संघ संस्था लगायत अन्य सरोकावालाहरुलाई विपद व्यवस्थापन सम्बन्धी तालीम प्रदान गर्ने ।

११.प्रहरी कर्मचारीहरुलाई अनुशिक्षण प्रदान गर्न समय-समयमा कार्य तालिका बनाई आवश्यकता अनुसार पुनर्ताजगी तालीमहरु सञ्चालन गर्ने र संचालित प्रत्येक तालीम कार्यक्रमको तालीम प्रतिवेदन तयार गर्ने ।

**ख) सामुदायिक कार्यक्रम**

विपदको समयमा आम नागरिक नै बढी जोखिममा हुने र विपदको घटनाको प्रत्यक्षदर्शी तथा पहिलो उद्धारकर्मी समेत उनिहरु नै भएको कारण विपद प्रतिकार्यमा आमनागरिकहरुको विपद जोखिम न्यूनिकरण र प्रतिकार्यमा अहम भूमिका हुने हुँदा समुदायका हरेक सदस्यहरुमा विपद व्यवस्थापन सम्बन्धी न्यूनतम ज्ञान र सीप हुनु अपरिहार्य भएकोले नागरिक समुदायसंग सहकार्य र समन्वय गरी विपद जोखिम न्यूनिकरण तथा विपदको समयमा हुनसक्ने संभावित क्षति न्यूनिकरण र सूचना आदानप्रदानका लागि सामुदायिक कार्यक्रम अन्तर्गत देहायका कार्यहरु गरिनेछ:

१. स्थानीय प्रहरी (सामुदायिक प्रहरी समेत), नागरिक समुदाय, विद्यालय, सरोकारवाला सरकारी तथा गैह्र सरकारी संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरी विपद सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु गर्ने ।

२. भौगोलिक बनावट, मौसम तथा संभावित विपदका घटनाहरुको जोखिमको बिश्लेषण गरी क्षति तथा जोखिम न्यूनिकरण सम्बन्धी सचेतना कार्यक्रमहरु (अनुशिक्षण, पर्चा, Pamphlet, Brochure, Websites, सामाजिक सञ्जाल आदि) गर्ने ।

३. भुकम्प लगायत अन्य आपतकालिन अवस्थामा सुरक्षित स्थान (Open Space) को बारेमा जानकारी गराउने ।

४. विपदको समयमा गरिने खोज तथा उद्धार, पुन:स्थापना एवं व्यवस्थापन कार्यलाई सहज तथा प्रभावकारी बनाउनका लागि प्रहरी र नागरिक बीचको पारस्परिक सम्बन्ध सुमधुर र विश्वसनीय रुपमा बिस्तार गर्ने ।

५. विपदको समयमा गरिने खोज तथा उद्धारलाई प्रभावकारी बनाउन नागरिक समुदाय तथा प्रहरीसंगको सूचना आदानप्रदानको माध्यमलाई सहज बनाउन आपतकालिन नम्बर (Hotline/Dial-100) को बारेमा जानकारी गराउने ।

६. सामुदायिक सचेतना कार्यक्रम सञ्चालनका क्रममा सहभागी व्यक्ति तथा संस्थाहरुको सम्पर्क नम्बर, ठेगाना लगायतका सम्पूर्ण विवरण तयार गरी अभिलेखमा राख्ने व्यवस्था मिलाउने ।

## २.१.३.केन्द्रीय प्रहरी विपद उद्धार समूह

केन्द्रीय प्रहरी विपद उद्धार समूहले विपदको समयमा यथाशीघ्र परिचालित भई खोज तथा उद्धार (विपद प्रतिकार्य) कार्य गर्नेछ भने विपद वा आपतकालिन समयमा वाहेक अन्य समयमा २४ सैं घण्टा स्ट्याण्वाई रही मौसम अनुसार घट्न सक्ने संभावित विपदका घटनाहरुलाई मध्येनजर गरी क्षमता अभिवृद्धि गर्न सीपमूलक अनुशिक्षण र अभ्यास निरन्तर रुपमा गर्नेछ । यस समूहमा विपद प्रतिकार्यका लागि उद्धारकर्ताहरुले प्राप्त गरेको विशिष्टिकृत तालीम, सीप र दक्षता अनुरुप विभिन्न उद्धार समूह (MFR & DBM, CSSR, Fire Control, Water Induced, Rope Rescue, Canines लगायत अन्य CBRN, Manhole, Deep well) मा बर्गीकरण गरी सोही अनुरुपको उद्धार उपकरण तथा औजारहरु समेत तयारी हालतमा राखीनेछ। यस किसिमको संरचना केन्द्रीय उद्धार समूहका ३ वटै कार्यदल र ५ वटै क्षेत्रीय विपद व्यवस्थापन कार्यदलमा रहनेछ। केन्द्रीय प्रहरी विपद उद्धार समूहले देहाय बमोजिमका कार्यहरु गर्नेछ:

१. विपद व्यवस्थापन महाशाखाको स्थापनाको औचित्य अनुरुप विपदका घटनाहरु लगायत मजकुर कार्यालयको आदेश अनुसार अन्य आकस्मिक तथा आपतकालिन अवस्थामा समेत प्रहरी जनशक्ति परिचालन गर्ने।

२. नेपालको भौगोलिक बनावट तथा मौसम अनुसार घट्न सक्ने विपदका घटना वा आपतकालिन अवस्थालाई मध्यनजर गरी आपतकालिन प्रतिकार्य (खोज तथा उद्धार) योजना तर्जुमा गर्ने।

३. आपतकालिन अवस्था र संभावित घटनालाई मध्यनजर गरी उद्धारकर्मीहरुले प्राप्त गरेको विशिष्टिकृत तालीम, सीप र दक्षताका आधारमा विभिन्न समूहमा बर्गीकरण गरी आवश्यक पर्ने उद्धार उपकरण तथा सामाग्रीहरु सहित तयारी हालतमा राख्ने।

४. प्रतिकार्यमा खटिने समूहका हरेक उद्धारकर्मीको व्यक्तिगत सुरक्षा तथा टोलीको सुरक्षा सतर्कताका लागि निर्देशन गर्ने तथा व्यक्तिगत सुरक्षाका सामाग्री (PPEs) हरुको प्रयोग दुरुस्त गराउने।

५. परिचालनको अवस्थामा उद्धार टोलीको कार्यसम्पादनको सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने तथा उद्धार कार्य पश्चात देखिएका कमीकमजोरीलाई पृष्ठपोषण गर्ने।

६. विपद सम्बन्धी ठूला घटनाहरुको अभिलेख, बिश्लेषण र प्रोफाईलिङ् गरी प्रतिकार्यमा तथा परिचालनमा देखिएका चुनौतिहरुको पहिचान गरी सोही अनुरुपको कार्ययोजना तयार पार्ने।

७. विपद प्रतिकार्यमा प्रहरी परिचालनलाई प्रभावकारी तथा परिणाममुखी बनाउन उद्धार उपकरणका अतिरिक्त अन्य अत्यावश्यक बन्दोबस्तीको व्यवस्थापन समयमा नै गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

८. विपद उद्धारमा खटिने अन्य सरोकारवाला निकायसंग निरन्तर सहकार्य र समन्वय गरी जोखिमलाई न्यूनिकरण गर्ने तथा सामूहिक परिचालनलाई जोड दिने।

९. विपद उद्धारमा खटिएका टोलीको कार्यसम्पादन मूल्यांकन गरी अभिलेख व्यवस्थापन गर्ने र उत्कृष्ट कार्य गर्नेलाई पुरस्कार तथा अन्य वृत्ति विकासका लागि सिफारिस गर्ने।

१०. विपद उद्धारमा खटिएको टोलीबाट भएको प्रगति विवरण कार्यालय प्रमुख, सम्बन्धित अधिकारी लगायत मजकुर कार्यालयमा जाहेर गर्ने।

**२.१.३.१. प्राथमिक उपचार तथा विपद पश्चात शव व्यवस्थापन** (MFR and DBM) **कार्य**

कुनै पनि विपदको घटनामा घाईतेको उद्धार गर्दा संभावित जोखिम वा थप घाईते हुनबाट जोगाउन र घाईतेको स्थितिलाई स्थिर राखी अस्पताल सम्म पुऱ्याउनका लागि प्राथमिक उपचार कार्य अत्यावश्यक हुने तथा मृतकहरुको समेत उद्धार पश्चात निश्चित कानूनी प्रकृया पूरा गरी शवलाई व्यवस्थित गर्ने दायित्व समेत उद्धारकर्मीहरुको भएको कारण केन्द्रीय र क्षेत्रीय विपद व्यवस्थापन कार्यदलमा प्राथमिक उपचार तथा विपद पश्चातको शव व्यवस्थापन समूह रहनेछ र यसले विपदको समयमा देहाय बमोजिमका कार्यहरु गर्नेछ:

**(क) पहिलो चरण: घटनास्थल पुग्नु भन्दा पहिला गर्ने कार्य विवरण**

१. घटनाको यथार्थ जानकारी लिने र निश्चित स्थानको बारेमा बुझ्ने।

२. उद्धारकर्मीहरुको व्यक्तिगत सुरक्षा सामाग्रीहरु (PPEs), प्राथामिक उपचार तथा शव व्यवस्थापन सामाग्री, सवारी साधन लगायत अन्य आवश्यक तयारी गर्ने।

३. उद्धारमा खटिने जनशक्तिको कार्य विभाजन (Logistic, Photography, सूचना संकलन आदि) एवं संकेत नम्बर र कल साईन समेत वितरण गर्ने।

४. स्थानीय प्रहरीसँग निरन्तर समन्वय गरी घटनास्थलमा नपुगे सम्म घटनाको ताजा विवरण लिईरहने।

५. कमाण्डरले टोलीलाई विपदको प्रकृति, स्थान र गर्नुपर्ने कार्यको बारेमा ब्रिफिङ गर्ने।

**(ख) दोस्रो चरण: घटनास्थल पुगेपछि गर्ने कार्य विवरण**

१. घटनास्थलको सुक्ष्म अवलोकन तथा सुरक्षित स्थानबाट घटनास्थलाको नजिक सम्म पुगी सम्भावित जोखिम मूल्यांकन गर्ने।

२. व्यक्तिगत सुरक्षा सामाग्रीहरु (PPEs) सहि तरिकाले प्रयोग गर्ने।

नेपाल प्रहरी

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

३. स्थानीय प्रहरीको सहयोगमा (अनावश्यक भीड भए हटाउने) घटनास्थल सुरक्षा गर्ने तथा सर्वसाधारणलाई संभावित जोखिमबाट टाढा राख्ने र सुरक्षा सतर्कता अपनाउने।

४. पीडितको संख्या अनुसार जनशक्ति बाँडफाड गरी घाइतेहरुको प्राथमिकिकरण (Triage) गर्ने।

५. उद्धारको क्रममा हुनसक्ने सम्भावित घटनालाई मध्यनजर गरी उद्धारकर्ताहरुले कम्तिमा जोडीमा परिचालित भई उद्धार कार्य गर्ने ।

(अ) घाईतेलाई प्राथमिक उपचार गर्दाको कार्य विवरण:

१. घाईते तथा उद्धारकर्मीको व्यक्तिगत सुरक्षामा ध्यान दिने।

२. घाईतेलाई प्राथामिकताका आधारमा उपचार गर्ने।

३. प्राथमिक उपचार पश्चात घाईतेलाई हस्पिटल पठाउने।

४. घाईतेको विवरण राख्ने।

(आ) शव व्यवस्थापन गर्दाको कार्य विवरण:

१. घटनास्थलको फोटो लिने।

२. दिशा सुचक राख्ने।

३. शवको फोटो (पूर्ण मुखाकृति, आधा शरीर तल/माथि, पूर्ण) लिने।

४. शव तथा शवका छुट्टिएका अंग भए सो को सूचक (Tag) राख्ने।

५. घटनासँग सम्वन्धित भौतिक चिजवस्तुको सूचक (Tag) राख्ने।

६. ट्यागिङ पश्चात पुन: फोटो लिने।

७. बेपत्ता भएका व्यक्तिको विवरण संकलन गर्ने।

८. शव सनाखत र हस्तान्तरण फाराम भर्ने।

९. शव र छुट्टिएका अंगहरु छुट्टा छुट्टै ब्यागमा संकलन गर्ने।

१०. भौतिक चीज वस्तुहरुलाई छुट्टा छुट्टै Property Bag मा संकलन गर्ने।

११. शव र संकलित चिज वस्तु हस्तान्तरण गरी सो को भरपाई लिने।

१२. विपद पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन-२०६८ अनुसारका कार्यहरु गर्ने।

**(ग) तेस्रो चरण: उद्धार पश्चात गर्ने कार्य विवरण**

१. सम्पूर्ण उद्धार उपकरण तथा औजारहरुको संकलन, निरिक्षण तथा रुजु गर्ने।

२. उद्धारकर्मीहरुको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिने।

३. प्राथमिक उपचार र शव व्यवस्थापन सम्बन्धमा प्रारंभिक प्रतिवेदन तयार गरी भए गरेका कार्यको समिक्षा गर्ने र कार्यालयमा जाहेर गर्ने।

४. अन्य कानूनी प्रकृया लगायत अभिलेखिकरणका लागि स्थानीय प्रहरी सँग समन्वय गर्ने।

५. सञ्चार माध्यमसंग सम्पर्क गर्नै पर्ने अवस्था भएमा टिम कमाण्डरले मात्र गर्ने र अत्यावश्यक सूचना मात्र संप्रेषण गर्ने।

**MFR तथा DBM सामाग्री तथा उपकरणहरुको सूची परिशिष्ट-२ मा समावेश गरिएको छ।**

### **२.१.३.२. भत्केका संरचनामा गरिने खोज तथा उद्धार** (CSSR) **कार्य**

भुकम्प, बाढीपहिरो वा अन्य कुनै पनि कारणबाट भत्किएका संरचनामा गरिने खोज तथा उद्धार कार्य अत्यन्तै जोखिमपूर्ण हुने भएकोले उद्धारकर्मीको व्यक्तिगत सुरक्षा वा भग्नावशेषमा च्यापिएका वा पुरिएका पीडितहरुको सकुशल उद्धार गर्दा खतराको मूल्यांकन गरी जोखिमयुक्त क्षेत्र र उद्धार गर्ने क्षेत्रलाई सुरक्षित गरेपश्चात मात्र खोज तथा उद्धार कार्य गर्न जरुरी भएकोले त्यसको लागि देहाय बमोजिम गरिनेछ:

**(क) पहिलो चरण: घटनास्थल पुग्नु भन्दा पहिला गर्ने कार्य विवरण**

१. भत्केका संरचनामा गरिने खोज तथा उद्धार कार्यका लागि आवश्यक पर्ने उद्धार उपकरण तथा सामाग्रीहरु छनौट गरी तयारी गर्ने।

२. घटनाको प्रकृति, ठेगाना, पुग्ने बाटो, दुरी, समय आदिको एकीन गर्ने।

३. घटनास्थलमा खोज तथा उद्धार कार्यको लागि कुकुर परिचालनका लागि समन्वय गर्ने।

४. उद्धारकर्ताहरुको व्यक्तिगत सुरक्षा सामाग्रीहरु (PPEs) तथा भौगोलिक बनावट, मौसम र समय अनुसारका अन्य अत्यावश्यक बन्दोवस्तीको प्रबन्ध गर्ने।

५. उद्धारमा खटिने जनशक्तिको कार्य विभाजन (Photography, First-Aid, Search & Rescue Team, Safety Officer, Shoring Group, Logistic, Debris Removal Group etc.) र सूचना आदानप्रदानका लागि संकेत नम्बर र कल साईन समेत वितरण गर्ने।

६. उद्धार सामाग्री तथा उपकरणहरुमा आवश्यक पर्ने इन्धन, ईन्जिन आयल, उप-साधनहरु (Accessories) निरिक्षण गर्ने।

७. कमाण्डरले टोलीलाई घटनास्थल र काम कर्तव्यका बारेमा ब्रिफिङ्ग गर्ने।

८. स्थानीय प्रहरीसंग निरन्तर समन्वय गरी सो बीचमा घटनाको ताजा विवरण लिईरहने।

९. घटनास्थलमा सुरक्षित रुपमा यथाशीघ्र पुग्ने।

**(ख) दोस्रो चरण: घटनास्थल पुगेपछि गर्ने कार्य विवरण**

१. घटनास्थलको सुरक्षा अवस्था (Scene Assessment) का बारेमा एकीन गरी ट्राफिक तथा भीड नियन्त्रण गर्ने, एम्बुलेन्स, बारूण आदिको आवश्यकता अनुसार माग गर्ने।

२. स्थानीय प्रहरी वा प्रत्यक्षदर्शीको सहयोगमा संभावित पीडितहरुको अवस्था र स्थानको एकीन गर्ने र Safety Officer लाई Activate गर्ने।

३. स्थानीय प्रहरीको सहयोगमा घटनास्थल सुरक्षा गर्ने र सर्वसाधारणलाई संभावित जोखिमबाट टाढा राख्ने।

४. उद्धारकर्ताहरुले प्रयोग गर्ने व्यक्तिगत सुरक्षाका सामाग्री (PPEs) हरुको दुरुस्त प्रयोग गर्ने।

५. हराएका व्यक्ति तथा संभावित भग्नावशेषमा पुरिएका व्यक्तिहरुको व्यक्तिगत विवरण वा हुलिया समेत एकीन गर्ने।

६. भग्नावशेषमा कोही व्यक्ति परे वा नपरको एकीन गर्ने र जीवित उद्धार कार्यलाई प्राथमिकिकरण गर्ने।

७. सुरक्षित स्थानबाट घटनास्थलको नजिकसम्म पुगी जोखिम क्षेत्रको असर र संभावित जोखिमको सुक्ष्म अवलोकन तथा मूल्यांकन गर्ने।

८. संभावित जोखिम (बिजुलीको करेन्ट, भवन ढल्न सक्ने जोखिम, बिष्फोट हुनसक्ने ग्यास सिलिण्डर लगायत खतराजन्य केमिकल आदि) को मूल्यांकन गरी सुरक्षा सतर्कता अपनाउने।

९. भग्नावशेषको संरचना, आकार आदिको बारेमा एकीन गरी सोही किसिमका उपकरण तथा औजारहरु प्रयोग गर्ने।

१०. खोज तथा उद्धार कार्यका लागि भग्नावशेषलाई टेको (Shoring) गरी सुरक्षित गर्ने।

११. खोज तथा उद्धारकार्य गर्दा सबैभन्दा पहिला बाहिरी सतहमा देखिने घाईतहेरुको उद्धारलाई प्राथमिकता दिने।

१२. उद्धारकर्मीको व्यक्तिगत सुरक्षा तथा प्रभावकारी कार्यका लागि जोडीमा परिचालित भई भग्नावशेषमा देखिएका अबरोध हटाई उद्धार कार्य गर्ने ।

१३. टोली कमाण्डर र उद्धारकर्ता बीच निरन्तर संचार सम्पर्कमा रहने तथा भए गरेका हरेक गतिबिधिको जानकारी लिने।

१४. उपकरण तथा औजारहरु प्रयोग गर्दा उद्धारकर्ताको व्यक्तिगत सुरक्षालाई बिशेष ध्यान दिने।

१५. उद्धारको क्रममा भेटिएका महत्वपूर्ण जिन्सी तथा नगद स्थानीय प्रहरीलाई जिम्मा लगाउने।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

**(ग) तेस्रो चरण: खोज तथा उद्धार कार्य पश्चातको कार्य विवरण**

१. सम्पूर्ण उद्धार उपकरण तथा औजारहरुको संकलन निरिक्षण तथा रुजु गर्ने ।

२. कमाण्डरले उद्धारकर्मीहरुको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिने ।

६. उद्धार पश्चात मानवीय क्षति, घाईते, पीडित, अनुमानित भौतिक लागतको क्षति तथा कार्यसम्पादनको सम्बन्धमा प्रारम्भिक प्रतिवेदन तयार गरी भए गरेका कार्यको समिक्षा र जाहेर गर्ने एवं अन्य कानूनी प्रकृया लगायत अभिलेखिकरणका लागि स्थानीय प्रहरी सँग समन्वय गर्ने ।

३. सञ्चार माध्यम संगको सम्पर्क कमाण्डरले मात्र गर्ने र आवश्यक विवरण मात्र उपलब्ध गराउने ।

४. उद्धार क्षेत्रको सुरक्षाका लागि संकेत चिन्ह (INSARAG Marking) दिने ।

**CSSR सामाग्री तथा उपकरणहरुको सूची परिशिष्ट-३ मा समावेश गरिएको छ ।**

### २.१.३.३.अग्नी नियन्त्रण (Fire Control) कार्य

आगलागीबाट हुने क्षति न्यूनिकरणका लागि उपलब्ध श्रोत साधनको समुचित व्यवस्थापन तथा तयारीका साथै कुनै पनि घटना भएमा तत्काल परिचालन गरिनेछ र सो अनुरुप देहायको चरणमा कार्य गरिनेछ:

**(क) पहिलो चरण: घटनास्थल पुग्नु भन्दा पहिला गर्ने कार्य विवरण**

१. पानी सहितको Fire Engine (दमकल) तयारी गर्ने ।

२. व्यक्तिगत सुरक्षा सामाग्रीहरु (PPEs) तथा मौसम, समय र भौगोलिक बनावट अनुसारका अन्य अत्यावश्यक बन्दोवस्तीको प्रबन्ध गर्ने ।

३. BA Set को तयारी गरी Air Pressure चेक गर्ने (कम्तिमा २५० Bar हुनुपर्ने) ।

४. उद्धारमा खटिने जनशक्तिको कार्य विभाजन, संकेत नम्बर र कल साईन समेत वितरण गर्ने ।

५. आगलागीको प्रकृति, स्थान, बाटो, दुरी आदिको बारेमा आवश्यक जानकारी लिई कमाण्डरले टोलीलाई ब्रिफिङ्ग गर्ने ।

६. उद्धार सामाग्रीहरु (Ladder, BA Set, Hose, Branch, Fire Extinguisher, Rope, Stretcher, संचार सेट आदि) निरिक्षण गरी रुजु गर्ने ।

७. स्थानीय प्रहरी संग निरन्तर समन्वय गरी घटनाको ताजा विवरण लिईरहने ।

८. घटनास्थलमा सुरक्षित एवं यथाशीघ्र पुग्ने ।

**(ख) दोस्रो चरण: घटनास्थल पुगेपछि गर्ने कार्य विवरण**

१. सुरक्षित स्थानबाट घटनास्थलको नजिकसम्म पुगी जोखिम क्षेत्रको असर र संभावित जोखिमको सुक्ष्म अवलोकन तथा मूल्यांकन गर्ने।

२. स्थानीय प्रहरीको सहयोगमा घटनास्थल सुरक्षा गर्ने तथा सर्वसाधारणलाई जोखिमबाट टाढा राख्ने।

३. उद्धारकर्ताहरुले व्यक्तिगत सुरक्षा सामाग्रीहरु (PPEs) को दुरुस्त प्रयोग गर्ने।

४. संभावित जोखिम (बिजुलीको करेन्ट, भवन ढल्न सक्ने जोखिम, बिष्फोट हुनसक्ने, ग्यास सिलिण्डर लगायत खतराजन्य केमिकल आदि) को मूल्यांकन गरी सुरक्षा सतर्कता अपनाउने।

५. आगलागीमा कोही व्यक्ति परे वा नपरेको एकीन गर्ने उद्धार कार्यलाई प्राथमिकिकरण गर्ने।

६. उद्धारकर्ता तथा दमकल अपरेटरले जोडीमा परिचालित भई उद्धार कार्य तथा आगलागी नियन्त्रण गर्ने ।

७. टोली कमाण्डर र उद्धारकर्ता बीच निरन्तर संचार सम्पर्कमा रही आगलागी नियन्त्रण र उद्धार कार्यलाई एकै साथ लैजाने।

८. थप पानीको लागि श्रोतको पहिचान गर्ने तथा कृतिम पोखरी आवश्यकता अनुसार निर्माण गर्ने।

९. उद्धारकर्ताले आफ्नो सुरक्षाको बिशेष ध्यान दिई BA Set को प्रयोग गर्दा चेतावनीमूलक आवाज (Warning Beep) को ख्याल गर्ने।

**(ग) तेस्रो चरण: उद्धार पश्चातको कार्य विवरण**

१. कमाण्डरले उद्धारकर्मीहरुको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिने।

२. उद्धार सामाग्रीको संख्या र अवस्थाको निरिक्षण गर्ने।

३. आगलागि नियन्त्रण तथा उद्धार पश्चात मानवीय क्षति, घाईते, पीडित, अनुमानित क्षति, आगलागीको कारण तथा कार्यसम्पादनको सम्बन्धमा प्रारम्भिक प्रतिवेदन तयार गरी भए गरेका कार्यको समिक्षा र जाहेर गर्ने एवं अन्य कानूनी प्रकृया लगायत अभिलेखिकरणका लागि स्थानीय प्रहरी सँग समन्वय गर्ने।

४. सञ्चार माध्यम संगको सम्पर्क कमाण्डरले मात्र गर्ने तथा आवश्यक विवरण मात्र उपलब्ध गराउने।

**Fire Control सामाग्री तथा उपकरणहरुको सूची परिशिष्ट-४ मा समावेश गरिएको छ।**

**२.१.३.४. पर्वतीय उद्धार र डोरीको माध्यमबाट गरिने उद्धार** (Mountaineering and Rope Rescue) **कार्य**

पर्वतीय उद्धार वा डोरीको माध्यमबाट गरिने उद्धार कार्य अन्तर्गत अग्ला भवन, खोंच, गल्छी आदि स्थानमा उद्धार कार्य लागि देहाय अनुसारको कार्य गरिनेछ:

**(क) पहिलो चरण: घटनास्थल पुग्नु भन्दा पहिला गर्ने कार्य विवरण**

१. घटनाको प्रकृति (भवन, चट्टान, पहाड, खोंच, गल्छी आदि), ठेगाना, पुग्ने बाटो, दुरी, समय आदिको एकीन गर्ने।

२. उद्धारको लागि आवश्यक सामाग्री तथा उपकरणहरु (अक्सिजन, हेलमेट, ज्याकेट, पञ्जा, बुट, उद्धार उपकरण आदि) लगायत व्यक्तिगत सुरक्षा सामाग्रीहरु (PPEs), मौसम र समय अनुसारका आवश्यक अन्य बन्दोवस्तीका सामाग्रीहरुको प्रबन्ध गर्ने।

३. उद्धारमा खटिने जनशक्तिको कार्य विभाजन (Logistic, Photography आदि) र संकेत नम्बर र कल साईन समेत वितरण गर्ने।

४. स्थानीय प्रहरी सँग निरन्तर समन्वय गरी सो बीचमा घटनाको ताजा विवरण लिईरहने।

**(ख) दोस्रो चरण: घटनास्थल पुगेपछि गर्ने कार्य विवरण**

१. सुरक्षित स्थानबाट घटनास्थलको नजिकसम्म पुगी जोखिम क्षेत्रको असर र संभावित जोखिमको सुक्ष्म अवलोकन तथा मूल्यांकन गर्ने।

२. प्रत्यक्षदर्शीलाई सम्पर्क गरी घटनाको वास्तविकताको बारेमा बुझी पीडितहरुको बारेमा बुझ्ने।

३. स्थानीय प्रहरीको सहयोगमा घटनास्थल सुरक्षा गर्ने र सर्वसाधारणलाई संभावित जोखिमबाट टाढा राख्ने।

४. घटनास्थलको प्रकृति तथा संभावित जोखिमको मूल्यांकन गरी सुरक्षा सतर्कता अपनाउने।

५. व्यक्तिगत सुरक्षा सामाग्रीहरु (PPEs) को दुरुस्त प्रयोग गर्ने।

६. व्यक्तिगत सुरक्षा र प्रभावकारी कार्यको लागि उद्धारकर्मीहरु जोडीमा परिचालित भई उद्धार कार्य गर्ने ।

७. टोली कमाण्डर र उद्धारकर्ता बीच निरन्तर संचार सम्पर्क राख्ने।

८. उपकरण तथा औजारहरु प्रयोग गर्दा उद्धारकर्ताले व्यक्तिगत सुरक्षामा बिशेष ध्यान दिने।

९. महत्वपूर्ण जिन्सी तथा नगद स्थानीय प्रहरीलाई जिम्मा लगाउने।

**(ग) तेस्रो चरण: खोज तथा उद्धार कार्य पश्चातको कार्य विवरण**

१. सम्पूर्ण उद्धार उपकरण तथा औजारहरुको संकलन निरिक्षण तथा रुजु गर्ने।

२. कमाण्डरले उद्धारकर्मीहरुको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिने।

३. खोज तथा उद्धार पश्चात मानवीय क्षति, घाईते, पीडित, अनुमानित क्षति तथा कार्यसम्पादनको सम्बन्धमा प्रारम्भिक प्रतिवेदन तयार गरी भए गरेका कार्यको समिक्षा र जाहेर गर्ने एवं अन्य कानूनी प्रकृया लगायत अभिलेखिकरणका लागि स्थानीय प्रहरी सँग समन्वय गर्ने।

४. सञ्चार माध्यम संगको सम्पर्क कमाण्डरले मात्र गर्ने तथा आवश्यक विवरण मात्र उपलब्ध गराउने।

**पर्वतीय उद्धार वा डोरीको माध्यमबाट गरिने उद्धार सामाग्री तथा उपकरणहरुको सूची परिशिष्ट-५ मा समावेश गरिएको छ।**

### २.१.३.५. जल उत्पन्न प्रकोप उद्धार (Water Induced) कार्य

नेपालको भौगोलिक बनावट अनुसार जलजन्य प्रकोपबाट समेत जोखिममा रहेकोले सोही अनुसारको उपकरण तथा औजारहरु सहितको पूर्व तयारी गरी आवश्यकता अनुसार परिचालन समेत गरिनेछ। जस अन्तर्गत देहायका कार्यहरु गरिनेछ:

**(क) पहिलो चरण: घटनास्थल पुग्नु भन्दा पहिला गर्ने कार्य विवरण**

१. घटनास्थलको प्रकृति, स्थान, बाटो, दुरी आदिको बारेमा टोलीलाई ब्रिफिङ्ग गर्ने।

२. घटनाको प्रकृति (ताल, नदी, कुवा, पोखरी आदि), मौसम र समय अनुसारका अन्य बन्दोबस्ती लगायत आवश्यक पर्ने उद्धार उपकरणहरु (Boat, Throw Bag, Paddle, PFD), व्यक्तिगत सुरक्षाका सामाग्रीहरु (PPEs) तयार गर्ने।

३. पीडितको संख्या र समय आदिको बारेमा सूचना लिने।

४. उद्धारमा खटिने जनशक्तिको कार्य विभाजन (Logistic, Photography), संकेत नम्बर र कल साईन समेत वितरण गर्ने।

५. स्थानीय प्रहरी सँग निरन्तर समन्वय गरी घटनाको ताजा विवरण लिईरहने।

**(ख) दोस्रो चरण: घटनास्थल पुगेपछि गर्ने कार्य विवरण**

१. सुरक्षित स्थानबाट घटनास्थलको नजिकसम्म पुगी जोखिम क्षेत्रको असर र संभावित जोखिमको सुक्ष्म अवलोकन तथा  मूल्यांकन गर्ने।

२. स्थानीय प्रहरीको सहयोगमा घटनास्थल सुरक्षा गर्ने र सर्वसाधारणलाई संभावित जोखिमबाट टाढा राख्ने।

३. व्यक्तिगत सुरक्षा सामाग्रीहरु (PPEs) को दुरुस्त प्रयोग गर्ने।

४. प्रत्यक्षदर्शी तथा आफन्तको सहयोगमा घटना र डुबेको वा हराएको व्यक्तिको स्थान एकीन गर्ने एवं पानीको वहाव, मात्रा, गहिराई, पानीभित्र हुने अन्य जोखिमपूर्ण अबरोधहरु आदिको अनुमान लगाई उपयुक्त उद्धार बिधी तय गर्ने।

५. डुबेको व्यक्तिको स्थान पत्ता लगाई जीवित उद्धारमा प्राथमिकीकरण गर्ने र जीवित व्यक्ति उद्धार गर्दा व्यक्तिगत सुरक्षाको ख्याल गर्ने।

६. व्यक्तिगत सुरक्षा र प्रभावकारी कार्यको लागि उद्धारकर्मीहरु जोडीमा परिचालित भई उद्धार कार्य गर्ने ।

७. टोली कमाण्डर र उद्धारकर्ता बीच निरन्तर संचार सम्पर्क राख्ने।

८. उपकरण तथा औजारहरु प्रयोग गर्दा उद्धारकर्ताले व्यक्तिगत सुरक्षामा बिशेष ध्यान दिने।

९. उद्धार पश्चात घाईतेको स्वास्थ्य अवस्था हेरी प्राथमिक उपचार बिधी अवलंवन गर्ने तथा थप उपचारका लागि अस्पताल पठाउने।

१०. उद्धारको क्रममा प्राप्त जिन्सी तथा नगद स्थानीय प्रहरीको जिम्मा लगाउने।

**(ग) तेस्रो चरण: उद्धार पश्चातको कार्य विवरण**

१. कमाण्डरले उद्धारकर्मीको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिने

२. उद्धार सामाग्रीको अवस्थाको निरीक्षण र रुजु गर्ने

३. उद्धार पश्चात मानवीय क्षति, घाईते, पीडित तथा कार्यसंपादनको सम्बन्धमा प्रारंभिक प्रतिवेदन तयार गरी भए गरेका कार्यको समिक्षा र जाहेर गर्ने एवं अन्य कानूनी प्रकृया लगायत अभिलेखिकरणका लागि स्थानीय प्रहरी सँग समन्वय गर्ने।

४. सञ्चार माध्यमसंग सम्पर्क गर्नु पर्ने भएमा कमाण्डरले मात्र सम्पर्क गर्ने र आवश्यक सूचना मात्र दिने।

**Water Induced Rescue सामाग्री तथा उपकरणहरुको सूची परिशिष्ट-६ मा समावेश गरिएको छ।**

### २.१.३.६. कुकुर परिचालन समूह (Dog Handler)

भत्केका संरचनामा पुरिएर वा च्यापिएर रहेका पीडितको अवस्था पत्ता लगाउन उद्धार टोलीको साथमा सम्बन्धित एकाई सँग समन्वय गरी तालीम प्राप्त कुकुर (Canines) समेत परिचालन गरिनेछ। विपद व्यवस्थापन महाशाखासंग आफ्नै कुकुर तालीम केन्द्र तथा बास (Kennel) स्थापना नभएसम्म खोज तथा उद्धार कार्यमा आवश्यक पर्ने तालीम प्राप्त कुकुर उत्पादन तथा बास (Kennel) को लागि सम्बन्धित Canine एकाई सँग आवश्यक समन्वय गरी ब्यबस्था मिलाईनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

### २.१.४. सवारी चालक

१. सवारी चालकले सवारी साधन संचालन गर्दा सवारीको ब्रेक, Tyre Pressure, लाईट, Break Oil, ईन्जिन तथा ईन्धन जाँच गर्ने तथा आवश्यकता अनुसार सर्भिसिङ् र मर्मतसंभारका लागि प्रतिवेदन गर्ने।

२. सवारी साधनको नियमित सरसफाई तथा प्राविधिक चेकजाँच गर्ने तथा गराउने।

३. विपदका घटनामा उद्धार सामाग्री तथा उपकरणहरु सहित उद्धारकर्मीहरुलाई सुरक्षित तवरले लैजाने तथा ल्याउने।

४. सवारी साधन संचालन गरेपछि मिति, समय, स्थान, किलोमिटर र प्रयोजन समेत खुलाई अभिलेख (Log Book) राख्ने।

५. दमकल चालकले बारुणयन्त्रको सुरक्षा प्रबन्ध मिलाउदै २४ सै घण्टा दमकलमा पानी राखी स्टेन्डवाई रहने र आगलागीको घटनामा आदेश अनुसार गर्ने।

६. सवारी साधनमा सवारी क्षमता भन्दा वढी उपकरण उद्धार सामाग्रीहरु तथा उद्धारकर्मीहरु नराख्ने।

७. सवारी तथा ट्राफिक नियम सम्बन्धी सम्पूर्ण नियम पालना गर्ने र गराउने।

८. विपद प्रतिकार्यको समयमा विपदग्रस्त क्षेत्रमा सवारी साधन लैजादा वा ल्याउँदा वा पार्किङ् गरी राख्दा संभावित दुर्घटना वा क्षति हुनबाट रोक्न सुरक्षित स्थानमा राख्ने साथै सवारी साधनमा भएका उद्धार उपकरण तथा औजारहरुको बारेमा समेत जानकार हुने।

### २.१.५. विपद अभिलेख तथा बिश्लेषण शाखा

विपदका घटनाहरुको अभिलेख व्यवस्थापन तथा बिश्लेषण गरी जोखिमग्रस्त क्षेत्रको पहिचान, संभावित घटनाहरुको मूल्यांकन एवं जोखिम न्यूनिकरण गर्न वा विपद प्रतिकार्य पूर्वतयारीको योजना तर्जुमा गर्नका लागि विपद अभिलेख शाखाले देहाय बमोजिमको कार्य गर्नेछ:

१. नेपालभर घटेका विपदका घटनाहरुको विवरण संकलन, अभिलेखीकरण एवं विपदको प्रकृति अनुसार संख्यात्मक विवरण तयार पार्ने।

२. विपद सम्बन्धी घटनाहरुको एकीकृत रुपमा अभिलेख व्यवस्थापन गर्ने।

३. अन्य सरकारी कार्यालय तथा विपद व्यवस्थापनमा संलग्न निकायहरुसंग सहकार्य र समन्वय गरी तथ्यपरक अभिलेख तयार पार्ने।

४. तथ्यांक दर्ता (Data Entry), तालिकिकरण र तथ्यांक बिश्लेषणका लागि कम्प्युटर शाखासंग समन्वय गरी आवश्यकता अनुसार अनुशिक्षणको व्यवस्था मिलाउने।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

५. विपदका घटनाहरुको विस्तृत विवरण (Profiling) तयार गरी सुरक्षित साथ राख्ने।

६. मातहत एकाईहरुबाट प्राप्त हुने तथ्यांकहरुको Cross Verify गर्ने तथा नियमित Follow Up समेत गर्ने।

७. विभिन्न प्रहरी कार्यालयहरुबाट दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक, अर्धबार्षिक तथा बार्षिक रुपमा प्राप्त हुने विपद सम्बन्धी तथ्यांकहरुको बिश्लेषण गरी कार्यालय प्रमुख र मजकुर कार्यालयमा जाहेर गर्ने।

८. कार्यालयमा रहेका सम्पूर्ण विपद सम्बन्धी घटनाका पुराना अभिलेखहरुलाई डिजिटाईज्ड (Digitized) गरी कम्प्युटर प्रणालीमा राख्ने।

## २.२.क्षेत्रीय प्रहरी विपद व्यवस्थापन कार्यदलको संरचना र दायित्व

विपद व्यवस्थापनका लागि क्षेत्रगत रुपमा स्थापना हुने नेपाल प्रहरीको क्षेत्रीय विपद व्यवस्थापन कार्यदलहरुमा पनि केन्द्रीय विपद उद्धार समूहको संरचना अनुसारका उद्धार समूहहरु (MFR & DBM, CSSR, Fire Control, Water Induced, Rope Rescue, Dog Handler लगायत अन्य) रहनेछन्। यसको प्रशासनिक संरचना परिशिष्ट-७ समावेश गरिएको छ र यसको दायित्व देहाय बमोजिम हुनेछ:

१. क्षेत्रीय विपद व्यवस्थापन कार्यदलहरुमा प्रशासनिक कार्यसञ्चालन, व्यवस्थापन, ड्यूटी अह्नखटन, दैनिक रुपमा गरिने पुनर्ताजगी तालीम वा प्रशिक्षण र अभिलेख व्यवस्थापन आदिका लागि प्रशासन शाखा रहनेछ र यसले नियमित काम कारबाहीको जाहेरी विपद व्यवस्थापन महाशाखा तथा आवश्यकता अनुसार अन्य कार्यालयमा समेत पठाउनेछ।

२. आफ्नो तोकिएको क्षेत्रमा कुनै पनि विपदका घटनामा तत्काल परिचालित भई सो को जाहेरी सम्बन्धित क्षेत्रीय प्रहरी कार्यालय तथा विपद व्यवस्थापन महाशाखामा समेत पठाउनुपर्नेछ।

३. क्षेत्रीय विपद व्यवस्थापन कार्यदलले विपदका घटनाहरुको जाहेरी अनिबार्य रुपमा विपद व्यवस्थापन महाशाखालाई नियमित पठाउनु पर्नेछ।

४. विपदका घटनाहरुको अभिलेख व्यवस्थापन तथा प्रत्येक घटनाहरुको Profiling गरी राख्नेछ।

५. जिम्मेवारी ईलाकाको संभावित जोखिम पहिचान गरी सोही अनुरुप नियन्त्रणको लागि पूर्वतयारी गर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

६. स्थानीय तहमा विपद व्यवस्थापनका क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्र सरकारी निकायहरुसंग समन्वय र सहकार्य गरी अत्यावश्यक पर्ने दमकल, एम्बुलेन्स, हेभी ईक्वीप्मेण्टका साधनहरु, अस्पताल लगायतका निकायहरुको लगत दुरुस्त राख्नेछ।

७. स्थानीय प्रहरी (सामुदायिक प्रहरी समेत) संगको सहकार्यमा विपदको जोखिम तथा क्षति न्यूनिकरणका लागि बृहत्तर रुपमा सामुदायिक सचेतना तथा स्कुल सम्पर्क कार्यक्रमहरु सञ्चालन गर्नेछ।

८. मौसम तथा समय अनुसार संभावित विपदका घटनाहरुको मूल्यांकन गरी विपद प्रतिकार्यको लागि कार्ययोजना तर्जुमा, आपतकालिन योजना र उद्धार टोली एवं उपकरणहरु तयारी हालतमा राख्नेछ।

९. कार्यरत जनशक्तिको सीप विकास तथा क्षमता अभिवृद्धिका लागि विपद व्यवस्थापन महाशाखासंग समन्वय गरी क्षेत्रीय तहका विभिन्न सीपमूलक अनुशिक्षण कार्यक्रमहरु सञ्चालन गर्नेछ।

नेपाल प्रहरी

# परिच्छेद-३

## परिचालन सम्बन्धी कार्यादेश

### ३.१. विपद व्यवस्थापन महाशाखा तथा मातहत विपद व्यवस्थापन एकाईहरुको जनशक्ति परिचालन सम्बन्धी कार्यादेश

नेपाल प्रहरीको केन्द्रमा विपद व्यवस्थापन महाशाखा अन्तर्गत ३ वटा केन्द्रीय उद्धार कार्यदल र प्रत्येक विकास क्षेत्रमा रहने क्षेत्रीय प्रहरी विपद व्यवस्थापन कार्यदलको परिचालन सम्बन्धी कार्यादेश देहाय बमोजिम हुनेछः

१. समान्यतया विपद व्यवस्थापन महाशाखा तथा क्षेत्रीय प्रहरी विपद व्यवस्थापन कार्यदलमा खटिएको जनशक्तिलाई विपद व्यवस्थापन बाहेक अन्य कार्यमा खटाइने छैन।

२. प्रहरी प्रधान कार्यालय कार्य विभागको निर्देशन अनुसार विपद व्यवस्थापन महाशाखा परिचालित हुनेछ।

३. सम्बन्धित क्षेत्रीय प्रहरी कार्यालयले क्षेत्रीय विपद व्यवस्थापन कार्यदललाई विपद व्यवस्थापन प्रयोजनको लागि मात्र परिचालित गरी विपद व्यवस्थापन महाशाखालाई जानकारी दिनुपर्नेछ।

४. क्षेत्रीय प्रहरी कार्यालयले आफु मातहतका प्रहरी एकाईहरु परिचालन गर्दा समेत प्रहरी जनशक्ति अपूग भएको बिशेष परिस्थितिमा क्षेत्रीय प्रहरी विपद व्यवस्थापन कार्यदलको जनशक्तिलाई छोटो अवधीको लागि मात्र खटाउनको लागी औचित्यता खुलाई प्रहरी प्रधान कार्यालय कार्य विभागको पूर्व स्वीकृती लिनु पर्नेछ।

५. विपद व्यवस्थापनमा कार्यरत जनशक्ति (उद्धारकर्मी) लाई विपदको प्रकृति अनुसार आवश्यक उपकरण, औजार तथा साधनहरु सहित विपद प्रतिकार्यमा खटाईनेछ।

६. खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार सम्बन्धित एकाईसँग समन्वय गरी तालीम प्राप्त कुकुर (Canines) र अन्य उपकरण समेत परिचालन गरिनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

# परिच्छेद-४

## विपद प्रतिकार्य वा आपतकालिन परिचालन

ठूला प्रकृतिका विपद सम्बन्धी घटनाहरु (Mega Disaster) मा जोखिम एवं क्षति न्यूनीकरणका लागि सोही किसिमको पूर्व तयारी र उद्धारकर्मीहरुको योजनावद्ध परिचालन गर्न देहाय बमोजिमको परिचालन कार्यबिधी तय गरिनेछ:

### ४.१.आकस्मिक विपद प्रतिकार्य समूह (QRT)

विपदबाट हुने जनधनको क्षति न्यूनिकरण गर्न एवं विपदको कारणबाट उत्पन्न हुनसक्ने अन्य खतराहरुको समेत न्यूनिकरण गर्नका लागि आवश्यक उद्धार उपकरण र साधनहरु सहित विपद व्यवस्थापन कार्यदल चौबिसै घण्टा स्ट्याण्डवाई रहनेछ भने आकस्मिक परिचालनका लागि QRT राखीनेछ। QRT को दायित्व देहाय बमोजिम हुनेछ:

१. आवश्यक उद्धार उपकरण र साधनहरु सहित उद्धारकर्मीहरुको टोली प्रत्येक कार्यदलमा QRT को रुपमा रहनेछ।

२. QRT टोलीमा सीप, दक्षता र प्राप्त तालीमको आधारमा बर्गीकरण गरिए अनुसारका उद्धारकर्मीहरु रहनेछन्।

३. QRT मा रहेका उद्धारकर्मी प्रत्येकले व्यक्तिगत सुरक्षा उपकरणहरु (PPEs) अनिवार्य रुपमा बुझि तयारी हालतमा रहनेछन्।

४. कार्यालयमा रहेको आकस्मिक सूचना घण्टी (Alarm) वा कमाण्डरको सिठ्ठी वा आदेशमा आवश्यक उपकरण र साधनहरु सहित QRT तुरुन्त सामेली हुनेछ।

५. कुनै पनि आकस्मिक घटना घटेमा QRT कमाण्डरले घटनाको बारेमा विस्तृत विवरण लिई टोलीलाई ब्रिफिङ्ग गर्नेछ।

६. कुनै पनि विपदको घटनामा यथाशीघ्र परिचालित भई जोखिम तथा क्षति न्यूनिकरण गर्दै थप टोली वा बन्दोबस्ती आवश्यक भएमा सम्बन्धित कार्यालयलाई अनुरोध गर्नेछ।

### ४.२. व्यक्तिगत सुरक्षा उपकरणहरु (Personal Protective Equipment -PPEs)

विपद प्रतिकार्यको समयमा परिचालित हुँदा उद्धारकर्मीहरुले विपदको प्रकृति र संभावित जोखिमको मूल्यांकन गरी व्यक्तिगत सुरक्षाका उपकरणहरु (PPEs) को प्रयोग अनिवार्य (Mandatory) गर्नुपर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

### ४.३. खोज तथा उद्धार उपकरण, औजार र साधनहरु (Search and Rescue Tools Equipment and Accessories -SARTEAs)

खोज तथा उद्धार कार्यका लागि विपदको प्रकार र प्रकृतिका साथै स्थान बिशेषको आधारमा उपकरण, औजार र साधनहरुको छनौट गरी आवश्यकता अनुसार तयारी हालतमा राखिनेछ।

### ४.४. विपद प्रतिकार्य टोलीको बनावट

विपद प्रतिकार्य टोली तयार गर्दा खोज तथा उद्धार कार्य यथाशीघ्र र सुरक्षित तवरले संपन्न गर्नको लागि आवश्यक संख्या (सामान्यतया ६ जनाको Squad Formation) सीप, दक्षता र विशिष्टकृत तालीम अनुसारका उद्धारकर्मीहरु सम्मिलित टोली तयार गरिनेछ भने आवश्यकता अनुसार तालीम प्राप्त कुकर (Canines) सहितको परिचालक समेत रहनेछ। यसरी टोली खटाउँदा विपदको प्रकृति, प्रकार, असर र पीडितको बारेमा एकीन सूचना प्राप्त भएमा टोलीको संरचनामा समेत परिबर्तन गरी परिचालन गर्न सकिनेछ।

### ४.५. कमाण्ड पोष्ट (Command Post)

विपदको घटना पश्चात प्रतिकार्यलाई निरन्तरता दिनका लागि विपदग्रस्त क्षेत्रको पनि सबैभन्दा सुरक्षित स्थानमा कमाण्ड पोष्ट खडा गरी उद्धारकर्मीहरुको परिचालन गरिनेछ। कमाण्ड पोष्ट निर्माण गर्दा देहाय बमोजिम गरिनेछ:

क. विपद प्रतिकार्य गतिबिधीलाई अवलोकन र सुपरिवेक्षण र सञ्चार व्यवस्थापन आदिको वन्दोवस्ती गर्न सक्ने स्थानको छनौट गरी कमाण्ड पोष्ट स्थापना गरिनेछ। साथै आपतकालिन मार्ग (Escape Route) र Safe Zone समेत तय गरिनेछ।

ख. विपद प्रतिकार्यका लागि आवश्यक पर्ने खोज तथा उद्धार उपकरणहरु लगायत अन्य बन्दोवस्तीका साधनहरुलाई सहज रुपमा ओसारपसार गर्न सकिने तरिकाले कमाण्ड पोष्ट खडा गरिनेछ।

ग. सवारी साधनको सहज आवागमनका लागि यातायात तथा पार्किङ् गर्न मिल्ने किसिमको स्थान पहिचान गरी कमाण्ड पोष्ट तयार गरिनेछ।

घ. सम्पूर्ण उद्धारकर्मीहरुलाई एकैपटक रहन बस्न तथा खानेपानी लगायतका अन्य आधारभूत आवश्यकता समेत व्यवस्थापन गर्न सहज हुने गरी स्थान तय गरिनेछ।

#### ४.५.१. टोली कमाण्डर (Team Leader)

विपदको समयमा गरिने खोज तथा उद्धार कार्यलाई प्रभावकारी र परिणाममुखी बनाउन टोली कमाण्डरले परिचालनको समयमा कमाण्ड पोष्ट तथा कार्यालय प्रमुखसंग नियमित सम्पर्क गरी प्राप्त भएका

निर्देशनहरुलाई कार्यान्वयन गराउने, संभावित जोखिम वा खतराको मूल्यांकन, उपयुक्त उपकरण तथा औजारहरु प्रयोग लगायत सबै किसिमका कृयाकलापहरुको प्रगति विवरण कमाण्ड पोष्टमा समेत जानकारी गराउनेछ।

### ४.५.२. सुरक्षा अधिकृत (Safety Officer)

विपद प्रतिकार्यका लागि उद्धारकर्मीहरु परिचालन हुँदा संभावित जोखिम (Secondary Accident) मूल्यांकन गरी उद्धारकर्मीहरुलाई जोखिमरहित वाताबरणको प्रत्याभूत गराउने जिम्मेवारी सुरक्षा अधिकृतको हुनेछ। निजको निर्देशन अनुसार विपद प्रतिकार्यलाई सुचारु वा स्थगन समेत गर्न सकिनेछ। टिमको संरचना अनुसार यसको जिम्मेवारी स्वयं टिम कमाण्डरको समेत हुन सक्नेछ ।

### ४.५.३. बन्दोवस्ती अधिकृत (Logistic Officer)

विपद प्रतिकार्यका लागि परिचालन हुँदा टोलीको संरचना अनुसार उद्धार टोलीका सबै सदस्यहरुले पालैपालो बन्दोबस्तीका सामाग्रीहरुको व्यवस्थापन गर्न सक्नेछन् भने विपदको प्रकृति, असर तथा धेरै दिन वा लामो समयसम्म बेस क्याम्प खडा गरी उद्धार कार्यका लागि टोली परिचालन गर्नुपर्ने अवस्था भएमा आवश्यकीय रसद पानी, साधनश्रोत आदिको बन्दोबस्तीका लागि जिम्मेवार प्रहरी अधिकृतलाई बन्दोवस्ती अधिकृतको रुपमा खटाइनेछ।

### ४.५.४. समन्वय अधिकृत

विपद प्रतिकार्यका लागि परिचालनलाई दोहोरोपन (Duplication) हटाई प्रभावकारी तथा परिणाममूखी उद्धार कार्यका लागि सरोकारवाला निकायहरुसंग सहकार्य र समन्वय गर्न समन्वय अधिकृत तोकिनेछ। निजले विपद प्रतिकार्यका लागि परिचालन भएका अन्य समकक्षी निकायहरुसंग समन्वय गरी उद्धार टोली परिचालन गर्ने एवं गराउनेछ।

### ४.५.५. सूचना अधिकृत

कार्यालयको गतिबिधि, कार्यसंपादन, विपद प्रतिकार्य वा परिचालनका सम्बन्धमा विभिन्न सञ्चार माध्यम मार्फत सर्वसाधारणको जानकारीको लागि सूचना संप्रेषण, केन्द्रीय प्रवक्ताका लागि आवश्यक पर्ने सूचना उपलव्ध गराउनका साथै सरोकारवालाहरुसंग समन्वय गरी विपदको समयमा देखिने विभिन्न सञ्चार माध्यमहरु मार्फत आएका सूचनाहरुलाई Verify गरी आवश्यक कार्यान्वयनका लागि मिडिया सम्बन्धी निर्देशिका तथा कार्यालय प्रमुखको निर्देशन अनुरुप सञ्चार माध्यमहरु मार्फत आम नागरिक समक्ष सूचना प्रवाह गर्नेछ।

### ४.५.६. सञ्चार डेस्क

विपद प्रतिकार्यलाई व्यवस्थित गर्नको लागि आवश्यक सञ्चार साधन तथा उपकरण सहित सञ्चार डेस्क स्थापना गरिनेछ।

नेपाल प्रहरी

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

### ४.५.७. उद्धार कार्यबिधी (Rescue Procedures)

विपदका संभावित घटनाहरुलाई मध्यनजर गरी आवश्यक उद्धार उपकरण तथा औजारहरु र सवारी साधन सहित तयारी हालतमा रहेको उद्धार टोली कुनै पनि विपदको घटनामा यथाशीघ्र परिचालन भई देहायको चरणमा विपद प्रतिकार्य गर्नेछ:

### ४.५.७.१. घटनास्थलको सुरक्षा (Scene Safety)

विपद प्रतिकार्यका लागि खटिने उद्धार टोलीले घटनास्थलमा पुग्नासाथ उद्धारकर्मी, पीडित तथा अन्य व्यक्तिहरुको सुरक्षालाई मध्येनजर गरी संभावित जोखिम वा खतरा न्यूनिकरणका लागि घटनास्थलको प्रकृति, असर र संरचनाको प्रकार आदिका आधारमा घटनास्थललाई  सुरक्षित गर्नेछ।

### ४.५.७.२. प्रारंभिक मूल्यांकन (Initial Assessment)

क. घटनाको बारेमा स्थानीय प्रहरी वा प्रत्यक्षदर्शीसंग घटनाको कारण, पीडितको संख्या, स्थान, संभावित जोखिम आदिको बारेमा विस्तृत विवरण लिनेछ।

ख. कमाण्ड पोष्ट स्थापना गर्ने र अन्य साधनश्रोत (हेवी ईक्वीपमेन्ट आदि) को आवश्यकता मूल्यांकन गर्ने र बाहिरी सतहमा रहेका घाईतेहरुको उद्धार कार्यलाई सुचारू गर्नेछ।

ग. उद्धार मार्ग (Access), घाईतेको प्राथमिकता निर्धारण, अन्य उद्धार टोलीसंगको समन्वय र सहकार्य, साधनश्रोतको परिचालन, सञ्चार प्रकृया, आपतकालिन बाटो (Escape Route), बैकल्पिक आपतकालिन बाटो लगायत उद्धार परिचालनका उद्देश्यहरु सहितको कार्ययोजना तयार गरी योजनावद्ध खोज तथा उद्धार कार्य सञ्चालन गर्नेछ।

घ. सबै उद्धारकर्मीहरु सामूहिक तथा व्यक्तिगत रुपमा गर्नुपर्ने जिम्मेवारी, कार्य विभाजन र कार्ययोजनाको सम्बन्धमा जानकार हुनेछन् ।

ङ खोज तथा उद्धार कार्य सञ्चालन गर्नुपूर्व घटनास्थलको अवस्था र साधनश्रोत आदिको पुन: मूल्यांकन गरिनेछ।

### ४.५.७.३.खोज र स्थान पहिचान (Search & Locate)

विपदग्रस्त क्षेत्रमा पुरिएका वा हराईरहेका व्यक्तिहरुको स्थान पहिचान गर्नका लागि उद्धारकर्मीहरुले उपलब्ध खोज उपकरणहरु (Search Equipment) तथा कुकुर (Canines) लगायत अन्य खोज बिधि (Search Techniques) समेतको प्रयोग गरी पीडितको स्थान, अवस्था र संख्या आदिको एकीन गर्ने।

### ४.५.७.४. पीडितसम्मको पहुँच (Access to the victims)

घटनास्थलमा पीडितहरुको स्थान, संख्या, अवस्था आदिको निश्चित भएपछि प्राथमिकताका आधारमा पीडितसम्म पुग्नका लागि सुरक्षित मार्ग तयार गर्ने र अबरोध तथा अवशेषहरु हटाउन उद्धार उपकरण

तथा औजारहरुको प्रयोग गरिनेछ। साथै आवश्यकता अनुसार भग्नावशेषलाई स्थिर (Shoring) गरिनेछ। यसरी परिचालन हुँदा व्यक्तिगत सुरक्षाको लागि उद्धारकर्मीहरु जोडीमा उद्धार कार्य गर्नेछन्।

**४.५.७.५. घाईतेको स्वास्थ्य स्थिरिकरण तथा उद्धार** (Stabilize and Extricate the victims)

विपदग्रस्त स्थलमा रहेका घाईतेलाई उद्धारको लागि भग्नावशेषबाट बाहिर निकाल्नु भन्दा पहिला घाईतेको स्वास्थ्य स्थिरिकरण गर्न उद्धार टोलीमा रहेका स्वास्थ्य टोली (Paramedical Team) द्वारा निश्चित स्वास्थ्य उपचार बिधी अपनाई भग्नावशेषबाट बाहिर निकालिनेछ र थप उपचारका लागि अस्पताल पठाइनेछ।

**४.५.७.६. शव व्यवस्थापन** (Dead Body Management-DBM)

विपदग्रस्त स्थलबाट उद्धारको क्रममा निकालिएका मृतक (शव) को सम्बन्धमा कानून बमोजिमको कार्यका लागि स्थानीय प्रहरीलाई जिम्मा लगाइनेछ भने त्यसको सम्पूर्ण विवरण समेत टोली कमाण्डर वा तोकिएको उद्धारकर्मीले लिनेछ।

**४.५.७.७. खोज तथा उद्धार कार्य पश्चात** (Post Operational Activities)

विपदग्रस्त स्थलबाट उद्धार कार्य सकिए पश्चात पुन: अन्य घाईते भए नभएको बारेमा एकीन गरी उद्धारकर्मीहरुको स्वास्थ्य अवस्था बुझ्ने, प्रत्येकको जिम्मेवारी अनुसारको उद्धार उपकरण तथा औजारहरुको संकलन, निरीक्षण, प्याकिङ्, डिब्रिफिङ्का साथै सम्बन्धित कार्यालयहरुमा प्रारंभिक जाहेरी समेत गरिनेछ।

**४.५.७.८. मनोपरामर्श तथा** PTSD (Post-Traumatic Stress Disorder)

खोज तथा उद्धारको क्रममा उद्धारकर्मीहरुलाई पर्ने असरलाई कम गर्न मनोपरामर्श सेवा समेत प्रवाह गरिनेछ।

# परिच्छेद-५

## जनशक्ति व्यवस्थापन

### ५.१. जनशक्ति पूर्ति

विपद व्यवस्थापन महाशाखा र क्षेत्रीय विपद व्यवस्थापन कार्यदलमा जनशक्ति व्यवस्थापन गर्दा विपद व्यवस्थापन महाशाखाको सिफारिसमा प्रहरी प्रधान कार्यालय मानव श्रोत विकास विभागबाट हुनेछ।

### ५.२. योग्यता

विपद व्यवस्थापनका लागि प्रहरी कर्मचारी छनौट गर्दा विपद प्रतिकार्यमा प्राबिधिक ज्ञान, सीप, शारीरिक एवं मानसिक रुपमा योग्य, अङ्ग्रेजी पढ्न र लेख्न सक्ने, ईच्छुक तथा तालीम प्राप्त प्रहरी कर्मचारीलाई प्राथमिकतामा राखीनेछ र यसरी छनौट गर्दा प्रहरी कर्मचारीहरुको Aptitude Test समेत गर्न सकिनेछ।

### ५.३. तालीम

१. प्रहरी प्रधान कार्यालय तालीम निर्देशनालयबाट स्वीकृत बार्षिक तालीम क्यालेण्डर अनुसार विपद व्यवस्थापन महाशाखा तथा मातहत प्रहरी एकाईहरुमा कार्यरत प्रहरी कर्मचारीहरुलाई विपद व्यवस्थापन सम्बन्धी विशिष्टिकृत तालीम विपद व्यवस्थापन महाशाखाले प्रदान गर्नेछ।

२. विपद व्यवस्थापन महाशाखाले समयानुकल पाठ्यक्रमको अन्वेषण, विकास तथा परिमार्जन समेत गर्नेछ।

३. प्रहरी प्रधान कार्यालयको पूर्व स्वीकृती लिई विपद व्यवस्थापन महाशाखाले विभिन्न निकायहरुसंग सहकार्य गरी प्रहरी कर्मचारीहरुलाई विपद व्यवस्थापन सम्बन्धी तालीम सञ्चालन गर्न सक्नेछ।

### ५.४. पदस्थापन तथा सरुवा

१. प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाले विपद व्यवस्थापन महाशाखाको सिफारिसमा प्रहरी कर्मचारीहरुको पदस्थापन तथा सरुवा गर्नेछ।

२. यसरी सरुवा गर्दा सिनियर तथा जुनियर प्रहरी अधिकृतको लागि सम्भव भएसम्म विपद व्यवस्थापन सम्बन्धी तालीम गरेको हुनुपर्नेछ।

३. जुनियर प्रहरी अधिकृत सम्मका प्रहरी कर्मचारीलाई संभव भएसम्म क्षेत्र पायक पर्ने गरी खटाईनेछ।

### ५.५. कार्यरत अवधी र स्थानान्तरण

सामान्यतया विपद व्यवस्थापन सम्बन्धी तालीम प्राप्त प्रहरी जवानदेखि प्रहरी नायव निरीक्षकसम्म ५ बर्ष र सिनियर प्रहरी अधिकृतलाई २ बर्षसम्मको कार्यावधी हुनेछ। यदि कुनै प्रहरी कर्मचारीले परिस्थितीवश स्थानान्तरण हुन चाहेमा महाशाखाको सिफारिसमा हुनेछ।

## ५.६. बिशिष्टिकरण र बिशेषज्ञता

विपद व्यवस्थापन महाशाखा तथा मातहत एकाईहरुमा कार्यरत प्रहरी कर्मचारीहरुको बिषयगत दक्षता अभिवृद्धिको लागि क्रमश: विपद व्यवस्थापन आधारभुत तथा विभिन्न विशिष्टिकृत तालीमहरु सञ्चालन गरिँदै लगिनेछ। विपद व्यवस्थापनमा परिचालन हुने प्रहरी कर्मचारीले विशेषत: विपद प्रतिकार्य अन्तर्गत Search & Rescue कार्यलाई आफ्नो बिशेषज्ञ क्षेत्रको रुपमा विकास गर्नेछन् र सो अन्तर्गत उद्धारकर्मीहरुलाई उनीहरुको सीप, क्षमता र प्राबिधिक ज्ञानका आधारमा देहाय बमोजिमका बिशेषज्ञता प्रदान गरिनेछ:

क) प्राथमिक उपचार तथा विपद पश्चातको शव व्यवस्थापन (MFR & DBM) कार्य

ख) भत्केका संरचनामा गरिने खोज तथा उद्धार (CSSR) कार्य

ग) अग्नी नियन्त्रण कार्य

घ) पर्वतीय उद्धार र डोरीको माध्यमबाट गरिने उद्धार कार्य

ङ) जल उत्पन्न प्रकोप उद्धार कार्य

च) कुकुर परिचालक समूह (Dog Handler)

छ) प्रशिक्षक समूह

ज) विपद व्यवस्थापनसंग सम्बन्धित अन्य

# परिच्छेद-६

## योजना तर्जुमा, सुपरिवेक्षण, अनुगमन, नियन्त्रण तथा मूल्यांकन

### ६.१. योजना तर्जुमा

प्रहरी प्रधान कार्यालय कार्य विभागको निर्देशन बमोजिम विपद व्यवस्थापन महाशाखाले विपद व्यवस्थापन सम्बन्धी दीर्घकालिन तथा रणनीतिक योजना तर्जुमा गर्नेछ। महाशाखाले विपद प्रतिकार्यको लागि उद्धारकर्मीहरुको क्षमता अभिवृद्धि, सीप तथा वृत्ति विकास एवं जनशक्ति र श्रोतसाधनको तादम्यता मिलाई विपद प्रतिकार्यलाई प्रबिधियुक्त बनाउन आवद्यिक योजना तर्जुमा तथा अन्वेषण समेत गर्नेछ।

### ६.२. सुपरिवेक्षण, अनुगमन तथा नियन्त्रण

१. प्रहरी प्रधान कार्यालय कार्य विभाग, विपद व्यवस्थापन महाशाखा र क्षेत्रीय प्रहरी कार्यालयले क्षेत्रीय विपद व्यवस्थापन कार्यदलको नियमित रुपमा अनुगमन, सुपरिवेक्षण तथा नियन्त्रण गर्नेछ।

२. विपद व्यवस्थापन महाशाखाको सिफारिसमा विपद व्यवस्थापन महाशाखा तथा क्षेत्रीय विपद व्यवस्थापन कार्यदलमा कार्यरत प्रहरी कर्मचारीहरुको सरुवा, बढुवा, काज तथा स्थानान्तरण मानवश्रोत विकास विभाग कर्मचारी प्रशासन शाखाले गर्नेछ।

३. क्षेत्रीय विपद व्यवस्थापन कार्यदलको परिचालन, रेखदेख र मूल्याङ्कन क्षेत्रीय प्रहरी कार्यालयले गर्नेछ।

### ६.३. कार्यसंपादन मूल्यांकन

१. विपद व्यवस्थापन महाशाखामा कार्यरत प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्यांकन प्रहरी नियमावली अनुसार हुनेछ।

२. क्षेत्रीय प्रहरी विपद व्यवस्थापन कार्यदलको प्रमुखले आफु र मातहतका प्रहरी कर्मचारीहरूको कार्य सम्पादन मुल्याङ्कन तयार गरी प्रहरी नियमावली बमोजिम गर्नु पर्नेछ।

३. विपद व्यवस्थापन महाशाखा तथा मातहतमा कार्यरत प्रहरी कर्मचारीहरुले गरेको प्रशंसनीय, चुनौतिपूर्ण र साहसिक कार्यलाई उच्च मूल्याङ्कन गरी बिभिन्न अवसर प्रदान गरिनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

# परिच्छेद-७

## कार्यादेश संशोधन तथा परिमार्जन सम्बन्धी व्यवस्था

### ७.१. कार्यादेशमा उल्लेख भएका व्यवस्थाहरु संशोधन वा परिमार्जन गर्न सकिने

कार्यादेशमा जारी गरिएका व्यवस्थाहरु संशोधन वा परिमार्जन गर्नु परेमा प्रहरी नियमावली २०७१ को १९६ अनुसार नेपाल प्रहरीको नीति समन्वय समति (PCC) को बैठकबाट पारीत गरी संशोधन वा परिमार्जनका लागि सिफारिस हुनेछ।


नेपाल प्रहरी

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

# परिशिष्टहरू

## परिशिष्ट-१

### विपद व्यवस्थापन महाशाखाको प्रशासनिक संरचना



# परिशिष्ट-२

## प्राथमिक उपचार तथा विपद पश्चात शव व्यवस्थापनका सामाग्रीहरु

## पहिलो उपचार सहयोगी सम्बन्धी सामग्रीहरु

| S.N. | Particulars | Number in Pieces | Remarks |
|---|---|---|---|
| 1. | Adult Cervical Collars | 4 | |
| 2. | Medium Cervical Collars | 4 | |
| 3. | Pediatric Cervical Collars | 4 | |
| 4. | Adult Bag-Valve Masks | 4 | |
| 5. | Infant Bag-Valve Masks | 4 | |
| 6. | Blood Pressure Cuff | 2 | |
| 7. | Stethoscope | 2 | |
| 8. | Boot Shears (trauma scissors) | 1 or 2 | |
| 9. | Penlight (for pupils) | 1 or 2 | |
| 10. | 3-inch Elastic Bandages | 2 | 4 inches |
| 11. | 6-inch Elastic Bandages | 2 | 6 inches |
| 12. | Medical Tape | 2 m | |
| 13. | Sterile 4x4 Gauze | 50 | |
| 14. | Unsterile 4x4 Gauze | 200 m | |
| 15. | Triangular Bandages | 100 | |
| 16. | Disposable Cardboard or Plastic Cups for Eye Injuries | 10 | |
| 17. | Tongue Depressors | 5 | |
| 18. | Triage Ribbons (Sets) | 5 | |
| 19. | Adult Non-Rebreather Oxygen Mask | 8 | |
| 20. | Pediatric Non-Rebreather Oxygen Mask | 8 | |
| 21. | Nasal Cannula | 8 | |
| 22. | Oxygen Cylinders (D or E size) With Oxygen Content | 4 | |
| 23. | Oxygen Regulator | 4 | |
| 24. | Oxygen Tubing | 4 | |
| 25. | Goggles for Eye Protection | 6 | |
| 26. | Blankets | 2 | |
| 27. | Immobilization Backboard (long) | 1 | |
| 28. | Full Set of Short, Medium & Long Splints | 1 | |
| 29. | Straps for Stretchers & Backboards | 1 Set | |
| 30. | Whistles | 2 | |
| 31. | Trauma Jump Kit | 1 | |
| 32. | Basic Medicines Kit | 1 | |
| 33. | Whistle | 6 | |
| 34. | Video/Still Camera | 1 Set | |
| **Personal Protective Equipment-PPEs** | | | |
| 35. | Latex Gloves (large & extra-large) | 12 pairs | |
| 36. | Eye Protection (Googles) | 6 | |

| | | | |
|---|---|---|---|
| 37. | Mask | 6 | |
| 38. | CPR Protective Face Shields | 12 | |
| 39. | Safety Vest | 6 | |
| 40. | Helmet | 6 | |

**नोटः** विपदको प्रकृति, प्रकार र असरका आधारमा आवश्यक पर्ने समय सापेक्ष उद्धार उपकरण तथा औजारहरुको अन्वेषण, पहिचान र व्यवस्थापन समेत गरिदै लगिनेछ भने हाललाई उपलब्ध भएका उद्धार उपकरण तथा औजारहरुको विवरण माथि उल्लेखित परिशिष्टमा समावेश गरिएको छ।

## विपद पश्चात शव व्यवस्थापन सँग सम्बन्धित सामग्रीहरु

| S .N | Particulars | Number in Pieces | Remarks |
|---|---|---|---|
| 1. | Property Bag | 50 | |
| 2. | Polythene Bag | 5 | |
| 3. | Carry Bag | 10 | |
| 4. | Mortuary Body Bag | 10 | |
| 5. | Safety Cone | 10 | |
| 6. | Scene Tape | 1 Roll | |
| 7. | Direction Mark | 2 | |
| 8. | Small Flag | 100 | |
| 9. | Tag | 50 | |
| 10. | Camera | 1 | |
| 11. | Print Paper | 40 | |
| 12. | Drawing Paper | 10 | |
| 13. | Chain Of Custody Form | 50 | |
| 14. | AM Form | 50 | |
| 15. | PM Form | 50 | |
| 16. | Pen, Pencil, Marker, Eraser | 5/5 | |
| 17. | Cable wire Cable wire | 20 | |
| 18. | Whistle | 6 | |
| 19. | Video/Still Camera | 1 Set | |
| **Personal Protective Equipment-PPEs** | | | |
| 20. | Helmet | 6 | |
| 21. | Mask | 6 | |
| 22. | Latex Gloves | 12 pair | |
| 23. | Eye Protection (Goggles) | 6 | |
| 24. | Apron | 6 | |
| 25. | Boots | 6 pair | |

**नोटः** विपदको प्रकृति, प्रकार र असरका आधारमा आवश्यक पर्ने समय सापेक्ष उद्धार उपकरण तथा औजारहरुको अन्वेषण, पहिचान र व्यवस्थापन समेत गरिदै लगिनेछ भने हाललाई उपलब्ध भएका उद्धार उपकरण तथा औजारहरुको विवरण माथि उल्लेखित परिशिष्टमा समावेश गरिएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

# परिशिष्ट-३

## भत्केका संरचनामा गरिने खोज तथा उद्धार सम्बन्धी उपकरण तथा औजारहरु

| CSN | S.N | Particulars | Number | Accessories |
|---|---|---|---|---|
| | **Detection & Location Equipment** | | | |
| 1. | 1. | Wireless Camera (Snake Eye) | 1 Set | |
| | **Extrication & Access Equipment** | | | |
| 2. | 1. | Rotary Rescue Saw | 1 Set | blade 4 (M & W) |
| 3. | 2. | Circular Saw | 1 Set | blade 1 |
| 4. | 3. | Chain Saw | 1 Set | chain 1 |
| 5. | 4. | Hydraulic Jack | 1 Set | |
| 6. | 5. | Come Along | 1 Set | Chain 2 |
| 7. | 6. | Adjustable Wrench | 1 Pcs | |
| | **Power Tools** | | | |
| 8. | 1. | Keyhole saw | 1 Set | 1 Set |
| 9. | 2. | Chipping Hammer | 2 Set | bit 2 (Point & Flat) |
| 10. | 3. | Rotary Hammer Drill | 1 Set | bit 1 |
| 11. | 4. | Electric Drill Machine | 1 Set | bit Set |
| 12. | 5. | Carpenter Hammer | 1 Set | |
| 13. | 6. | Reciprocating Saw | 1 Set | metal-3 & wood-8 |
| | **Firefighting Equipment** | | | |
| 14. | 1. | Fire Extinguisher | 2 | |
| | **Lighting & Power Equipment** | | | |
| 15. | 1. | Working Light | 1 Set | |
| 16. | 2. | Generator 5 KVA | 1 Set | |
| 17. | 3. | Dragon Light | 1 Set | |
| | | **Radio & Communication Equipment** | | |
| 18. | 1. | Mega Phone | 1 Set | |
| 19. | 2. | Radio Set | 2 Set | |
| | **Accessories** | | | |
| 20. | 1. | Tool Box (Red, Green & Blue) | 3 Set | |
| 21. | 2. | Bolt Cutter (Big & Small) | 2 Pcs | |
| 22. | 3. | Pry Bar | 3 Pcs | |
| 23. | 4. | Crowbar | 2 cps | |
| 24. | 5. | Sledge Hammer (Big 5kg & Small 1.5kg) | 2 Pcs | |
| 25. | 6. | Extension Cord (20 Am with 100 m) | 1 Set | |
| 26. | 7. | Bucket | 1 Pcs | |
| 27. | 8. | Safety Cones | 4 Pcs | |



नेपाल प्रहरी

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

| | | | | |
|---|---|---|---|---|
| 28. | 9. | Hack Saw | 1 Pcs | blade 4 |
| 29. | 10. | Hand Carpenter Saw | 1 Pcs | |
| 30. | 11. | Tin Sniper | 1 Pcs | |
| 31. | 12. | Spray Paint (different color) | 2 Pcs | |
| 32. | 13. | Scene Tape | 1 Roll | |
| 33. | 14. | Measuring Tape | 1 Set | |
| 34. | 15. | Carpenter Square | 1 Pcs | |
| 35. | 16. | Spirit Level | 1 Pcs | |
| 36. | 17. | Chisel Set (Point & Flat) | 2 Set | |
| 37. | 18. | Axe with rubber grip | 1 Pcs | |
| 38. | 19. | Water Container | 1 Pcs | |
| 39. | 20. | Pick/Shovel | 2/2 Pcs | |
| 40. | 21. | Rolling Pipe | 8 Pcs | |
| 41. | 22. | Vise Gripe | 1 Pcs | |
| 42. | 23. | 2T (Engine Oil) | 2 Liter | |
| 43. | 24. | Tarpaulin/Tripal (Layout TEAs) | 1 Pcs | |
| 44. | 25. | Petrol Pipe | 1 m | |
| 45. | 26. | Whistle | 6 Pcs | |
| 46. | 27. | Video/Still Camera | 1 Set | |
| | **Personal Protective Equipment-PPEs** | | | |
| 47. | 1. | Eye Protection (Goggles) | 6 Pcs | |
| 48. | 2. | Safety Vest | 6 Pcs | |
| 49. | 3. | Working Gloves | 6 pair | |
| 50. | 4. | Helmet | 6 Pcs | |
| 51. | 5. | Steel Toe Boot | 6 pair | |
| 52. | 6. | Knee Pad | 6 pair | |
| 53. | 7. | Elbow Pad | 6 pair | |

**नोट:** विपदको प्रकृति, प्रकार र असरका आधारमा आवश्यक पर्ने समय सापेक्ष उद्धार उपकरण तथा औजारहरुको अन्वेषण, पहिचान र व्यवस्थापन समेत गरिदै लगिनेछ भने हाललाई उपलब्ध भएका उद्धार उपकरण तथा औजारहरुको विवरण माथि उल्लेखित परिशिष्टमा समावेश गरिएको छ।

नेपाल प्रहरी

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

# परिशिष्ट-४

## अग्नी नियन्त्रणका उपकरण तथा औजारहरु

| SN | Particulars | Sets | Remarks |
|---|---|---|---|
| 1. | Fire Engine (दमकल) | 1 Set | |
| 2. | Light Portable Pump (LPP) | 1 Set | |
| 3. | Fire Extinguisher | 2 Pcs | 18 kg.each |
| 4. | Fire Blanket | 5 Pcs | |
| 5. | Improvise Pound | 1 Set (3000 Liter) | |
| 6. | Breathing Apparatus (BA Set) | 5 Set | |
| 7. | Fire Static rope | 2 roll (1/60m) | |
| 8. | Ladder (1O5) | 2 Pcs | 3 Extension |
| 9. | Dragon Light | 1 Pcs | |
| 10. | Search Light | 5 Pcs | |
| 11. | Stretcher | 1 Pcs | |
| 12. | Hook | 1 Pcs | |
| 13. | Mega Phone | 1 Set | |
| 14. | Medical Kit Box | 1 Set | |
| 15. | Fire Safety Rope | 5 m | 5 Pcs |
| 16. | Foam | 20 Liter | |
| 17. | Whistle | 6 Pcs | |
| 18. | Video/Still Camera | 1 Set | |
| | **Personal Protective Equipment-PPEs** | | |
| 19. | Fire Boots | 5 pairs | |
| 20. | Fire Helmet | 5 Pcs | |
| 21. | Fire Fighting suit | 5 pairs | |
| 22. | Fire Gloves | 5 pairs | |
| 23. | Fire Eye glass | 5 Pcs | |

**नोट:** विपदको प्रकृति, प्रकार र असरका आधारमा आवश्यक पर्ने समय सापेक्ष उद्धार उपकरण तथा औजारहरुको अन्वेषण, पहिचान र व्यवस्थापन समेत गरिदै लगिनेछ भने हाललाई उपलब्ध भएका उद्धार उपकरण तथा औजारहरुको विवरण माथि उल्लेखित परिशिष्टमा समावेश गरिएको छ।

# परिशिष्ट-५

## पर्वतीय उद्धार र डोरीको माध्यमबाट गरिने उद्धार उपकरण तथा औजारहरु

| SN | Particulars | Sets | Remarks |
|---|---|---|---|
| 1. | Static Rope 10 mm | 2 Role | 100 mtr. |
| 2. | Dynamic Rope 11mm 200 m. | 1 Role | 50 mtr. |
| 3. | Chest Harness | 2 | |
| 4. | Seat Harness | 2 | |
| 5. | Rock Helmet | 2 Pcs | |
| 6. | Jummer (Ascender) | 2 Pcs | |
| 7. | Carabineers Plain | 5 Pcs | |
| 8. | Carabineer with lock | 4 Pcs | |
| 9. | Rock Hammer | 2 Pcs | |
| 10. | Figure 8 Carabineer (Descender) | 3 Pcs | |
| 11. | Pursik | 8 Pcs | |
| 12. | Tape Ceiling | 5 Pcs | |
| 13. | Rock piton | 8 Pcs | |
| 14. | Trekking Bags | 1 Pcs | |
| 15. | Head Light | 2 | |
| 16. | Knife | 2 Pcs | |
| 17. | Small Pulley | 1 Pcs | |
| 18. | Big Pulley | 1 Pcs | |
| 19. | Snow bar | 4 Pcs | |
| 20. | Mitten (Leather glove) | 2 Pair | |
| 21. | Ice-axe | 1 Pcs | |
| 22. | Wire Ladder | 1 | |
| 23. | Hook | 1 | |
| 24. | Compass | 6 Pcs | |
| 25. | First Aid Kit | 1 | |
| 26. | Search Light | 2 | |
| 27. | Chalk Bag | 6 Pcs | |
| 28. | Long Pursik | 6 Pcs | (8 m) |
| 29. | Climbing Suit | 6 Set | |
| 30. | Climbing Bag | 6 Pcs | |
| 31. | Whistle | 6 Pcs | |
| 32. | Video/Still Camera | 1 Set | |
| | **Personal Protective Equipment-PPEs** | | |
| 33. | Rock Helmet | 6 Pcs | |
| 34. | Eye Protection (Goggles) | 6 Pcs | |
| 35. | Climbing Gloves | 6 pairs | |
| 36. | Climbing Shoes | 6 pairs | |

**नोटः** विपदको प्रकृति, प्रकार र असरका आधारमा आवश्यक पर्ने समय सापेक्ष उद्धार उपकरण तथा औजारहरुको अन्वेषण, पहिचान र व्यवस्थापन समेत गरिदै लगिनेछ भने हाललाई उपलब्ध भएका उद्धार उपकरण तथा औजारहरुको विवरण माथि उल्लेखित परिशिष्टमा समावेश गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

# परिशिष्ट-६


## जल उत्पन्न प्रकोप उद्धार उपकरण तथा औजारहरु

| CSN | SN | Particulars | Sets | Remarks |
|---|---|---|---|---|
| | Diving Equipment | | | |
| 1. | 1. | Under Water Torch | 6 Pcs | |
| | Pump | | | |
| 2. | 1. | Hand Pump | 1 Pcs | |
| | Boat | | | |
| 3. | 1. | NRS Boat E-161 16"E-series | 1 | 16 feet, capacity : 8+4 |
| 4. | 2. | Motor Boat | 1 | |
| 5. | 3. | Tube/Life buoys | 3/3 Pcs | |
| 6. | 4. | Command Paddle | 1 Pcs | |
| 7. | 5. | Paddle | 6 Pcs | |
| 8. | 6. | Raft Carry Cover | 1 | |
| 9. | 7. | Life Line | 1 | |
| 10. | 8. | Bow Line | 1 | |
| 11. | 9. | Throw Bag | 6 Pcs | |
| 12. | 10. | Line rope | 1 | |
| | Hand Tools & Accessories | | | |
| 13. | 1. | River Knife | 6 Pcs | |
| 14. | 2. | Tape Ceiling | 6 Pcs | |
| 15. | 3. | Waterproof Torch | 6 Pcs | |
| 16. | 4. | Whistle | 6 Pcs | |
| 17. | 5. | Video/Still Camera | 1 Set | |
| | Personal Protective Equipment-PPEs | | | |
| 18. | 1. | NRS Life Jacket | 6 Pcs | |
| 19. | 2. | NRS Water Helmet | 6 Pcs | |
| 20. | 3. | Eye Protection (Goggles) | 6 Pcs | |
| 21. | 4. | NRS Gloves | 6 pair | |
| 22. | 5. | Dry/Wet Suit | 6/6 pair | |
| 23. | 6. | NRS Water Boots | 6 pair | |

**नोट:** विपदको प्रकृति, प्रकार र असरका आधारमा आवश्यक पर्ने समय सापेक्ष उद्धार उपकरण तथा औजारहरुको अन्वेषण, पहिचान र व्यवस्थापन समेत गरिदै लगिनेछ भने हाललाई उपलब्ध भएका उद्धार उपकरण तथा औजारहरुको विवरण माथि उल्लेखित परिशिष्टमा समावेश गरिएको छ।

# परिशिष्ट-७

## क्षेत्रीय प्रहरी विपद व्यवस्थापन कार्यदलको प्रशासनिक संरचना



नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
नक्साल

नेपाल प्रहरी

प्रहरी प्रधान कार्यालय कार्य विभाग प्रशासन शाखाको च.नं. १४८९ मिति २०७३/०२/०३ गतेको पत्रद्वारा गठित कार्यादेश (SOP) मस्यौदा समिति

| **कार्यादेश (SOP) मस्यौदा समिति:** | |
|---|---|
| प्र.व.उ. श्री ठुले राई – प्रप्रका विपद व्यवस्थापन महाशाखा | संयोजक |
| प्र.उ. श्री संजयराज शर्मा – प्रप्रका विपद व्यवस्थापन महाशाखा | सदस्य |
| प्र.ना.उ. श्री प्रज्वल महर्जन – प्रप्रका कार्य विभाग | सदस्य |
| प्र.ना.उ. श्री राजन चापागाई – प्रप्रका विपद व्यवस्थापन महाशाखा | सदस्य |
| प्र.नि. श्री दान बहादुर थापा – प्रप्रका विपद व्यवस्थापन महाशाखा | सदस्य |

| | | |
|---|---|---|
| दस्तावेज | : | विपद व्यवस्थापन महाशाखा तथा मातहत एकाईहरुको सञ्चालन कार्यादेश (**SOP**), २०७३ |
| प्रकाशक | : | नेपाल प्रहरी, विपद व्यवस्थापन महाशाखा, काठमाण्डौं |
| तयारी मिति | : | २०७३ ज्येष्ठ |
| स्वीकृत मिति | : | २०७३/०२/१० गते (प्रहरी महानिरीक्षक) |